परिच्छेद एक

# अध्ययन पत्रको परिचय

## १.१ विषय परिचय

लोकसाहित्य ‘लोक’ र ‘साहित्य’ दुई शब्दको संयोगद्वारा बनेको शब्द हो (बन्धु, २०५८ : १३) । लोकको अर्थात् जनताको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य जनसाधारणका बीचमा प्रचलित एवम् लोकप्रिय भएर रहेकाले सामान्य जनसमुदायका जीवनका सुखदुःखका प्रत्येक पक्षलाई छोएको हुन्छ । लोकसाहित्यका विभिन्न विधामध्येको लोकगीत एउटा उपविधा हो ।

लोकगीतमा लोक जीवनका सुखदुःख, आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताको चित्र प्रस्तुत गरिएको हुनाले लोकगीतलाई लोक मानसले आफ्नै ठानेको पाइन्छ । तीनै लोक जीवनका यथार्थ पक्षलाई टपक्क टिपेर लयात्मक प्रवाहमा पस्कने प्रतिभावान् साधकमध्येका एक साधक घनश्याम रिजाल हुन् । लोकगीत र गायनका माध्यमबाट नेपाली लोक जीवनका हरेक पक्ष र पाटालाई अभिव्यक्त गर्दै आएका रिजालले गाएका गीतको अध्ययन प्रस्तुत अध्ययन पत्रमा गरिएको छ ।

## १.२ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक ‘घनश्याम रिजालका गीतहरूको अध्ययन’ रहेको छ ।

## १.३ अध्ययन कार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दशौँ पत्र (५४०-६) को पूरक प्रयोजनका लागि प्रस्तुत अध्ययन पत्र तयार पारिएको छ ।

## १.४ समस्या कथन

नेपाली लोक संस्कृतिका उन्नायकको पहिचान, मूल्याङ्कन र योगदानको यथेष्ठ अध्ययन हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा प्रस्तुत अध्ययन पत्र निम्नानुसारका समस्यामा केन्द्रित रहेको छ :

क) गायक घनश्याम रिजालको व्यक्तित्व के-कस्तो छ ?

ख) घनश्याम रिजालले के-कस्ता गीतहरू गाएका छन् ?

ग) घनश्याम रिजालले गाएका गीतका प्रकार, विषयवस्तु, भाव र विशेषता के-कस्ता छन् ?

## १.५ अध्ययनको उद्देश्य

माथिका शोध समस्याको समाधान पहिल्याउनु नै यस अध्ययन पत्रको उद्देश्य हो । यहाँ अध्ययन पत्रको मुख्य उद्देश्यलाई निम्न लिखित बुँदाका आधारमा पूर्णता दिइएको छ :

क) गायक घनश्याम रिजालको व्यक्तित्वको चिनारी दिने,

ख) घनश्याम रिजालले गाएका गीतहरूको सङ्कलन र अध्ययन गर्ने,

ग) घनश्याम रिजालले गाएका गीतको वर्गीकरण गर्दै विषयवस्तु, भाव र विशेषताको विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको विवरण

हामीसँग हाम्रा ग्रामिण जनजीवनका ऐतिहासिक, सांस्कृतिक र सामाजिक पक्षहरूको नालीवेली अभिव्यक्त हुने आफ्नै प्रकारका मौलिकता बोकेका गीत र भाकाहरूको अद्भूत भण्डार छ । त्यस्ता गीत र भाकाको अध्ययन र विश्लेष गर्ने कार्य पनि प्रशस्त भएका छन् यद्यपि त्यस्ता गीत सङ्गीतका साधकको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी प्रकाशमा ल्याउने कार्य भने अपेक्षाकृत भएको देखिदैन । लोकगीत र गायनका क्षेत्रमा प्रशस्त साधकहरू संलग्न भएका भए पनि अझैं उनीहरूको व्यक्तिगत जीवन र साधनाप्रति कसैले चासो राख्ने र समीक्षा गर्ने गरेको भेटिँदैन ।

लोकदोहोरी गायक गायिकाको सन्दर्भमा 'अलि मियाँको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकमा शोधार्थी नारायणप्रसाद ज्ञवालीले वि.सं. २०५४/८/१ मा शोधपत्र तयार गरेको पाइन्छ भने 'हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन' शीर्षकमा आनन्द सुन्दर श्रेष्ठले वि.सं. २०६१/१/१५ मा अध्ययन पत्र तयार गरी उनको व्यक्तित्व र कृतित्वलाई प्रकाशमा ल्याएको देखिन्छ (श्रेष्ठ, २०५१ : ६) । त्यसैगरी, 'पद्मराज ढकालले गाएका गीतको अध्ययन' शीर्षकको अध्ययन पत्र अध्ययनकर्ता सविता सुनामले वि.सं. २०६९/६/२५ मा तयार गरेको पाइन्छ (सुनाम, २०६९ : ८) । चोलेन्द्र पौडेलले गाएका गीतको अध्ययन

शीर्षकको अध्ययनकर्ता दुर्गाबहादुर थापाले वि.सं. २०७१/११/४ मा अध्ययन पत्र तयार गरेको पाइन्छ ।

यी केही प्रयास बाहेक लोकगीत सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएर गायनका क्षेत्रमा समर्पीत तथा क्रियाशील कैयौँ साधकका बारेमा तथा उनीहरूका कार्य र कृतिका बारेमा कहीँ कतै, कुनै क्षेत्रबाट हालसम्म अध्ययन तथा विश्लेषण गरिएको भेटिँदैन । यही यथार्थतालाई मध्यनजर गर्दै गायनको माध्यमबाट नेपाली डाँडाकाँडा कुना कन्दरा र भीर पहराका सुसेलीहरूलाई लयात्मक प्रस्तुतिद्वारा जनमानस समक्ष पस्कन सफल पोखरालाई कर्मथलो बनाएका गायक घनश्याम रिजालको जीवनी व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी कलाको मात्र नभई कलाका साधकको पनि अध्ययन हुनपर्छ भन्ने मान्यतामा प्रस्तुत अध्ययन पत्र केन्द्रित भएको छ । उनका गीतकार व्यक्तित्व तथा गीतका बारेमा अहिलेसम्म कसैले चर्चा नगरेको हुँदा त्यसबारे ठोस पूर्व कार्यहरू पाइँदैनन् ।

### १.७ अध्ययनको औचित्य

हालसम्म गायक घनश्याम रिजालको व्यक्तित्व र कृतित्वका बारेमा सामान्य चर्चा भए पनि उनले गाएका गीतको बारेमा अध्ययन र विश्लेषण गर्ने कार्य हुन सकेको छैन । त्यसैले प्रस्तुत अध्ययन पत्रमा गायक घनश्याम रिजालले सङ्कलन गरेका र गाएका गीतको पहिलो पटक यहाँ अध्ययन गरिएको छ । यो नै यस अध्ययन पत्रको औचित्य हो ।

### १.८ अध्ययनको क्षेत्र र सीमा

घनश्याम रिजालले गाएका र सङ्कलन गरेका गीत नै यस अध्ययनको क्षेत्र हो । यस्ता गीतको भावको सर्सती अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययन पत्रमा घनश्याम रिजालले २०७३ सालसम्म सङ्कलन गरेका र गाएका गीतको मात्र अध्ययन गरिएको छ । तिनलाई कुनै एउटा विशिष्ट कोण जस्तो लोकतत्त्व, काव्यकला, समाज शास्त्रीय अध्ययन नगर्नु यस अध्ययन पत्रको सीमा हो ।

### १.९ अध्ययन विधि

प्रस्तुत अध्ययन पत्र तयार पार्न घनश्याम रिजालले गाएका तथा सङ्कलन गरेका गीतहरू पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । उनले गाएका

र हालसम्म प्रकाशित भएका गीतको श्रव्यदृश्य सामग्रीको सङ्कलन र उपयोग गरिएको छ भने गायक स्वयम्सँग र उनीसित सम्बन्धित व्यक्तिसँग मौखिक तथा अन्तर्वार्ता र छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारीका आधारमा अध्ययन तथा विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

### १.१० परिच्छेद विभाजन

प्रस्तुत अध्ययन पत्रलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको ढाँचामा परिच्छेदको निर्माण र विभाजन गरी अध्ययन पत्र तयार पारिने छ :

परिच्छेद एक : अध्ययन पत्रको परिचय

परिच्छेद दुई : गीतको सैद्धान्तिक परिचय

परिच्छेद तीन : घनश्याम रिजालले गाएका र सङ्कलन गरेका गीतको अध्ययन

परिच्छेद चार : उपसंहार

सन्दर्भ कृति सूची

परिशिष्ट

दोस्रो परिच्छेद

# गीतको सैद्धान्तिक चिनारी

## २.१ लोक साहित्यको चिनारी

लोकसाहित्य 'लोक' र 'साहित्य' को मेलबाट बनेको शब्द हो । यसको अर्थ हो- लोकको साहित्य । लोकको अर्थात् जनताको साहित्यलाई लोकसाहित्य भनिन्छ । जनताद्वारा सिर्जना गरिने र अनन्तकालदेखि मौखिक रूपमा एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुँदै विकसित जनताको साहित्य नै लोकसाहित्य हो । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकबाट गरिन्छ । जनसाधारणका बीचमा प्रचलित एवम् लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायका जीवनका सुख दुःखात्मक प्रत्येक पक्षलाई छोएको हुन्छ । यसलाई नेपालीमा अर्थ लगाउँदा हित वा कल्याणको भावनाले युक्त हुन नै साहित्य हो । समग्रमा भन्दा यसको अर्थ लोक कल्याणको भावनाले युक्त अभिव्यक्ति लोकसाहित्य हो भन्ने बुझिन्छ ।

मानव सभ्यताको प्रारम्भिक अवस्थादेखि नै मानिसले आफ्ना अनुभव र अनुभूतिलाई विभिन्न माध्यमबाट भाव व्यक्त गर्ने भाषा साहित्य र कलात्मक अभिव्यक्तिमा लोकसाहित्य र साहित्य पर्दछन् । लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो । यस्तो साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै प्रचलनमा हुन्छ (पराजुली र गिरी, २०६८ : १) । यसरी लोक साहित्यका विविध परिभाषालाई हेर्दा के भन्न सकिन्छ  भने लोकसाहित्य लोक परम्पराबाट प्राप्त साहित्य हो । यसमा मानव सभ्यताको पुरानो इतिहास अङ्कित हुन्छ । यसले मानव ग्रन्थी माथि प्रकाश पार्छ र सामाजिकस्तरलाई बुझाउन मद्दत गर्दछ । यसैले लोक साहित्यलाई लोकको सम्पत्ति पनि मानिन्छ ।

## २.२ लोक साहित्यका विधा

लोकसाहित्यमा लोकका समस्त क्रियाकलापको अभिव्यक्ति प्रष्ट रूपमा भएको हुन्छ र यो निरन्तर विकासशील छ । लोकजीवनको सम्पूर्ण दर्शन नै यसैबाट प्रतिबिम्बित भएको

छ । लोकसाहित्य समाजका सम्पूर्ण वर्ग र सर्वहारा वर्गको जीवन पद्धतिमा आबद्ध भएको पाइन्छ । यिनै वर्गका अनुभूतिलाई यसले आत्मसात् गरेको हुन्छ । त्यसैले लोकसाहित्यलाई प्रतिनिधित्व गर्ने प्रमुख विधाहरू विभाजन गर्न सक्दछौं (शर्मा र लुइटेल, २०६३ : ४६) । शर्मा र लुइटेलले गरेको विभाजन अनुसार लोकसाहित्यलाई निम्नानुसार अध्ययन एवम् विश्लेषण गर्न सकिन्छ ।

### २.२.१ लोककथा

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन र लोकप्रिय विधा हो । जसको अस्तित्व संसारभर व्याप्त छ । संसारका सबै भाषा, जात, जाति, क्षेत्र र स्थानमा लोक कथाको अस्तित्व पाइन्छ । लोककथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको प्राथमिक कालदेखि प्रारम्भ भई हालसम्म कायम रहेको देखिन्छ । लोककथा सुन्न र भन्न खास कुनै औपचारिक ठाउँको आवश्यकता पर्दैन । नेपाली लोककथा विशेष गरेर बेलुकाको समयमा खाना खाएपछि घरपरिवार सँगै बसेर काम गर्दा वा पारिवारिक कुराकानीको समयमा लोककथा भन्ने गरिन्छ । यसरी लोककथा भन्दा बौद्धिक ज्ञान, मनोरञ्जन, उत्साह, वीरता र शारीरिक स्फुर्तीसमेत बढेको पाउन सकिन्छ ।

### २.२.२ लोकनाटक

लोकनाटक लोक जीवनलाई मनोरञ्जन दिलाउनका लागि देखाउने स-साना नाच पर्दछन् र कुनै-कुनै त संवादयुक्त घटना भएका नाटक पनि देखाइन्छ । जस्तैः रत्यौलीमा नाचिने नाच, गाईजात्रे नाच, तिहारमा गाएर नाचिने नाच कृष्ण चरित्रमा नाचिने नाच र श्रीस्वस्थानीको समापनमा नाचिने नाच आदि सबै लोकनाटक अन्तर्गत पर्दछन् ।

### २.२.३ गाउँखाने कथा

यो विधा सङ्क्षिप्त भएर पनि अत्यन्त प्रचलित छ । खासगरी यस विधाले मनोरञ्जनमै आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । गाउँखाने कथाको उत्तर प्रतीकका रूपमा खोज्नु पर्ने हुन्छ, जसले दिमागलाई छिटो, छरितो र चिन्तन गर्ने प्रक्रियातर्फ अप्रत्यक्ष रूपमा अग्रसर गराउछ । यसमा एउटा जटिल प्रश्न राख्ने वा अड्को थाप्ने काम गरिन्छ र

श्रोताले उत्तर दिने वा अड्को फुकाउनु पर्ने हुन्छ । यो लोकसाहित्यको रमाइलो र चुड्किला विधा हो, जसले मनोरञ्जनका साथसाथै बुद्धि विकासमा कला सिकाउने गर्दछ ।

### २.२.४ उखान

उखान शब्द संस्कृतको 'उपाख्यान' शब्दबाट आएको हो (पराजुली, २०३९ : ८) । संस्कृतको उपाख्यान शब्दले पुरानो कथा, प्राचीन वृतान्त, ठूलो कथा अन्तर्गत रहने सानो कथा, उखान भन्ने अर्थ अभिव्यक्त गर्दछ (पोखरेल र अन्य, २०४० : १५५) । उखानको अर्थ लकेजीवनमा प्रचलित अनुभवपूर्ण चुटकिला, उक्ति, लोकोक्ति, आहान, कहावत हो (पोखरेल र अन्य, २०४० : १३३) । लोकसाहित्यका विभिन्न विधामध्ये उखान पनि एउटा सशक्त विधा हो । लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति नै उखान हो । यसको मूलस्रोत लोक जीवनको दिनचर्या र अभिव्यक्ति एवम् आपसी व्यवहार हो । यो लोक अनुभवबाट परिस्कृत बन्दै गएको भाषा पाइन्छ (पराजुली, २०३९) । यसले व्यवहारिक जीवनमा खारिएको सत्य व्यक्त गर्दछ । अतः यसले मानवजीवनलाई सत् बाटोमा हिँड्न मार्ग निर्देशन गर्छ । त्यसकारण यो लामो समयसम्म बाँचेको हुन्छ । जस्तै :

*अदुवा खाई सभा बस्नु*
*मुला खाई वन पस्नु*
*अचानोको पीर खुकुरीले जान्दैन*
*अकबरी सुनलाई कसी लाउन पर्दैन ।*

यसरी आज उखान र उपाख्यान शब्दको बीच अर्थभेद भइसकेको छ । उखान लोक जीवनका विविधतालाई सूत्रबद्ध रूपमा व्यक्त गर्ने कसिलो लोक अभिव्यक्ति हो भने उपाख्या एक किसिमको कथा हो । उखानको जन्म कथ्य भाषाबाट हुन्छ । त्यसपछि क्रमशः विकसित हुँदै र खाँरिदै उखान लेख्य भाषामा प्रवेश गर्छ । यसले भनाइलाई खिरिलो र मार्मिक बनाइदिन्छ । यसर्थ भाषामा उखानको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । यसैले लोकले मौखिक रूपमा जीवित राखेको भाषिक, लघुसंरचनात्मक वाक्यस्तरको कथनलाई उखान भनिन्छ ।

### २.२.५ टुक्का

टुक्कालाई अंग्रेजीमा आइडम (idom) भनिन्छ । कथ्य र लेख्य रूपमा पाइने टुक्का शब्दको सम्बनध टुक्रासँग रहेको देखिन्छ । टुक्का वाक्यमा प्रयुक्त खास भाषिक टुक्रा वा

इकाइ भएकाले यी दुईका बीचमा अर्थगत निकटता रहेको पाइन्छ । संसारका अधिकांश भाषामा टुक्काको अस्तित्व रहेको छ । नेपाली भाषा र अभिव्यक्तिमा पनि टुक्काले विशेष स्थान लिएको छ । भाषिक अभिव्यक्तिलाई विशिष्ट र प्रभावकारी तुल्याउन यसको भूमिका महत्त्वपूर्ण रह्दै आएको छ । नेपालीमा टुक्कालाई वाक्यांश, वाक्यपद्धति र वाकधारा भनिएको पनि पाइन्छ (शर्मा र लुइटेल, २०६३ : ३३) । कसै-कसैले यसलाई तुक्का र मुहाबरा पनि भनेका छन् । टुक्का र तुक्कामा ध्वनिसाम्य भए पनि अर्थका दृष्टिले यो दुबैमा भिन्नता रहेको छ । टुक्काले पदसमूह तहको खास-खास भाषिक एकाइलाई जनाउछ भने तुक्काले कुनै प्रयोजनबाट गरिएको काम निष्प्रयोजन हुनुलाई जनाउँछ । जस्तै :

आए आँप गए झटारो

| | |
|---|---|
| तर्नु | आँखा तर्नु, छाला तर्नु |
| डढ्नु | घर डढ्नु, मन डढ्नु वन डढ्नु , |
| टोक्नु | ओठ टोक्नु, जिब्रो टोक्नु |

प्रस्तुत टुक्का मध्ये माथिल्लो टुक्कालाई हेर्ने हो भने यसमा झटारो हान्दा आँप झर्नु प्रयोजन हो । यस्तै आँप नझरी झटारो जानु निष्प्रयोजन भई तुक्का बन्नु हो । यसर्थ टुक्का लागि तुक्का शब्दको प्रयोग अमिल्दो देखिन्छ ।

## २.२.६ लोकगाथा

लोकका जनमानसका कथाहरू रहेको रचना लोकगाथा हो । कुनै पनि प्रबन्धकाव्य वा महाकाव्यलाई गाथासँग तुलना गर्न सकिन्छ । त्यसैले कुनै पनि गीतले बाँधिएको कथालाई गाथा भन्न उपयुक्त हुन्छ । नेपाली बृहत् शब्दकोशले लोक गाथा भनेको 'परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकतासमेत विद्यमान रहेको राष्ट्रिय गौरव, वीर चरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत' (पोखरेल र अन्य २०४० : ११८८) । हो भन्ने उल्लेख गरेका छन् ।  लोकसाहित्यका यी विभिन्न विधाका साथै लोकगीत पनि एक हो । यस अध्ययन पत्र पनि गीतसँग सम्बन्धित भएकाले लोकगीत सम्बन्धी विभिन्न सन्दर्भलाई यहाँ चिनारी दिने प्रयास गरिएको छ । अन्य विधाको तुलनामा यसलाई बढी जोड दिइएको छ ।

## २.३ लोकगीतको चिनारी

लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो (बन्धु, २०५८ : १२१) । लोकगीतमा लोकजीवनका दुःख-सुख, आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार आस्था र मान्यताको अभिव्यक्ति नै लोकगीत हो । आस्था र मान्यताको अभिव्यक्त नै लोकगीत हो यसमा लोकको संस्कृति अभिव्यक्ति हुन्छ । लोकगीतमा मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति हुन्छ । यस्ता अभिव्यक्तिले गीत सुन्ने र गाउनेको हृदयलाई र समय बनाउँछन् । लोकगीतले कठोर मनलाई पनि रसमय बनाउँछ साथै सहृदयी बनाउनु यसको विशेषता हो । लोकगीतका प्रभावले मानिस आफ्ना दुःख, कष्ट, पीर, व्यथा बिर्सन्छन् । आफ्नो भोक तिर्खा, प्यास र रागलाई भुल्छन् र गीत कै रागात्मकतामा रमाउँछन्, आनन्द लिन्छन् (बन्धु, २०५८ : १२१-१२३) । लोक मानसका स्वतः स्फूर्त अभिव्यक्ति लयात्मक रूप लिई भाषामा प्रकट हुँदा लोकगीतको रूप लिन्छन् । लोकगीतहरू लोक जीवनमा एकबाट अर्कोमा हस्तान्तरण हुँदै आएका हुन् । कुनै-कुनै व्यक्तिले लोकगीतलाई आफ्नै सम्पत्ति ठानेर अनि त्यसमा मौलिकतासमेत थपेर अभिव्यक्ति गर्दछन् । लोकगीत लयात्मक अभिव्यक्ति हो । लय यसको आत्मा हो । लोक जीवनमा लय र भाकामा विभिन्न रूप हुन्छन् । लोकगीत विभिन्न भाषामा भए पनि हामीले त्यो भाषामा नबुझे पनि यसले मानिसलाई प्रभावित पार्दछ । विभिन्न भाषामा, विभिन्न उमेर, विभिन्न संस्कृति भएका समुदायमा पनि यसले सबैको हृदयलाई एउटै बिन्दुमा ल्याउँछ । लोकगीत सुन्दा सुन्दै कतिपय मान्छेमा तुरुन्त हासो वा आँसु देखा पर्न थाल्दछ । त्यसैले त भावनाको प्रवाह र संवेगलाई लोकजनित लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दै जाने कलाका रूपमा लोकगीतलाई चिनाउँछन् (सुवेदी, २०४५ : १००) । यसरी लोकगीत बारेका विभिन्न परिभाषालाई हेर्दा लोक जीवनको चिनारी नै लोकगीत हो ।

### २.३.१ लोकगीतको परिभाषा

समाजको रुचि र संस्कार अनुसार लोकगीतको संशोधन परिवर्तन र पर्वद्धन भइरहन्छ । तिनका विषय, लय, प्रस्तुति आदिमा नित्य नवीन विशेषता देखा परि रहन्छन् । त्यसैले ती कहिल्यै पनि म्याद गएका बाँसी सामग्री बन्दैनन् । आफूलाई समयको गति सापेक्ष बनाउँदै आफ्नो प्रभाव कायम राख्न ती सक्षम हुन्छन् । लोकगीतलाई चिनाउन

विभिन्न विद्वान्ले यसलाई परिभाषित गरेका छन् तीमध्ये केही महत्त्वपूर्ण परिभाषा यस प्रकार छन् :

'लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव-समाजमा नैसर्गिक रूपले दुःखसुखको अभावमा दया, माया, प्रेम भाव अभिव्यक्ति हुँदा स्वयम् उद्गारको रूपमा निस्केर लयदार तर जसमा काव्यमयी शैली भई सिर्जना हुन्छन्' (जोशी, २०१४ : २५) । सत्यमोहन जोशीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने, लोकगीत भनेको दुःख सुख, माया, स्नेह र प्रेम भावलाई अभिव्यक्त गर्ने लयात्मक शैली लोकगीत हो । जुन काव्यमय भएकाले श्रोताको ध्यान तान्न लोकगीत एउटा सङ्गीतमय रूपमा अभिव्यक्त हुने माध्यम हो ।

'लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ' (बन्धु, २०५८ : ११५) । चूडामणि बन्धुको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा लोकगीतले हाम्रा लोक जीवनमा तथा चलन चल्तीमा रहेका पुराना संस्कार संस्कृति, विधि व्यवहार, आस्था र मान्यतालाई झल्काउने एउटा माध्यम हो भन्न सकिन्छ ।

'लोकगीत हृदयको स्वतः स्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो' (पराजुली, २०५७ : ६९) । कृष्णप्रसाद पराजुलीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा कुनै करकाप विना व्यक्तिको भित्री आत्मा अथवा हृदयदेखि स्वतः स्फूर्त रूपमा निस्कने अभिव्यक्ति लोकगीत हो । जुन अभिव्यक्तिले कसैलाई बाधा व्यवधान, हानि नोक्सानी, पीडाबोध नगराउने सरल लयबद्ध अभिव्यक्ति हो भन्ने कुरा पुष्टि गर्न सकिन्छ ।

यी माथिका परिभाषालाई समेट्दै समग्रमा लोकगीत लोकले मौखिक रूपमा जीवित रहेको लोक, मानसको अर्थात् लोक हृदयको स्वतः स्फूर्त लयात्मक अनि गेयात्मक अवैयक्तिक अभिव्यक्ति नै लोकगीत हो भन्न सकिन्छ ।

## २.४ लोकगीतका प्रमुख तत्त्वहरू

लोकगीत एउटा संरचना हो । जसरी एउटा घर बनाउन ढुङ्गा, माटो, काठ, खर आदि तत्त्वहरूको खाँचो हुन्छ यसरी नै लोकगीतको संरचना खडा गर्न पनि विभिन्न तत्त्व आवश्यक पर्दछन् । लोक संरचनामा सन्दर्भ, विषयवस्तु, भाव, भाषा, स्थायी, अन्तरा, थेगो,

लय वा भाका शैली पाइने कुरा यसका समीक्षकले उल्लेख गरेका छन् (बन्धु, २०५८ : ११५) । नेपाली लोकगीतको संरचना निर्माण गर्ने प्रमुख तत्त्व निम्नलिखित छन् :

### २.४.१ सन्दर्भ

लोकगीतको प्रमुख तत्त्व अन्तर्गत सन्दर्भ पर्दछ । यसको आफ्नो नीति सन्दर्भ हुन्छ । यस्ता सन्दर्भहरू धेरै किसिमका हुन्छन् । जस्तै सामाजिक, मनोरञ्जनमूलक, धार्मिक, श्रममूलक, सांस्कृतिक, भाषिक, लोकसङ्गीत श्रृङ्गारिक आदि । उदाहरणका लागि असारे गीतले आफ्नो रूप चहक्याउन उसका लागि असार महिनाको खेत रोपाइँको श्रममूलक सन्दर्भ खोज्छ, यसका प्राकृतिक वातावरणमा हली, बाउसे, खेतला र वियाडेले गाएको असारे गीतले ओज प्राप्त गर्छ । यसमा एकातिर खेत हिल्याउँदै बाउसेहरू आली लगाउँदै, अर्कातिर खेतालाहरू धानको बीउ रोप्दै र बीउ काँड्दै गरेको वातावरण असारे गीतका लागि उपयोगी मानिन्छ । यस्तो प्रकारले खेत रोपाइँको सन्दर्भमा गाएको गीत नै असारे गीत हो । यो गीत तीजका बेलामा गाउँदा त्यो ओजपूर्ण र असारे गीत हुन सक्दैन ।

### २.४.२ विषयवस्तु र भाव

लोकगीतका लागि अत्यावश्यक तत्त्व विषयवस्तु र भाव हो । लोकगीत सानो बालकदेखि बुढापाकाले गाउने गीतमा पनि कुनै-कुनै विषयवस्तु र भाव आएको हुन्छ । त्यो विषय आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, वैज्ञानिक आदि हुन सक्छ । जस्तैः भजन, मालासिरी, आरती आदि धार्मिक विषय हुन्छ भने सालैजो, झ्याउरे, यानिमया, कौरा गीतमा प्रेम विषय हुन्छन् । रत्यौली गीतमा हासो युक्त पक्षलाई विषय बनाइएको हुन्छ । त्यसैले विषयवस्तु र भावलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ ।

### २.४.३ भाषा

लोकगीतको अर्को तत्त्व भाषा हो । यसमा प्रयोग हुने भाषा लोकस्तरको सरल र कलात्मक हुन्छ । यस्तो सरल भाषा लोक जीवनमा भिजेको हुन्छ । भाषाले विषयको अर्थबोध गराउँछ भने लयले साङ्गीतिक आनन्द दिन्छ । लोकगीत पनि भाषिक अभिव्यक्ति हो, त्यसैले भाषालाई अनिवार्य तत्त्व भनिएको हो । यो जनवोली अनुकूलको हुनु पर्दछ ।

### २.४.४ स्थायी, अन्तरा र थेगो

लोकगीतका लागि नभई नहुने अर्को तत्त्व स्थायी, अन्तरा र थेगो हो । लोकगीतमा पटक-पटक दोहोरिइकन रहने पङ्क्ति समूह स्थायी हो । यही स्थायीलाई छेकेर गाइने लोकगीतको पङ्क्ति समूह अन्तरा हो भने लोकगीतमा दोहोरिने निरर्थक वाक्यांश थेगो हो । उदाहरणका लागिः

**स्थायी-** *डाँडै घुम्यो चिल, नैहुन रैछ र, सारै बस्यो दिल*

**अन्तरा-** *आजभोलि के हुन्छ के हुन्छ ?*

*वनको न्याउली कराउँदा मन रुन्छ ।*

**थेगो-** *हे, हा, आहोइ*

लोकगीतमा स्थायी अन्तरा र थेगो तीनवटै तत्त्व समावेश भएका गीत पनि हुन्छन् भने थेगो र स्थायी वा अन्तरा र स्थायी समावेश भएका गीत पनि हुन्छन् । यी कुनै पनि मिश्रण नभएका गीत प्रायः राम्रा हुँदैनन् । त्यसैले स्थायी र थेगो लोकगीतका अनिवार्य तत्त्व भनिएको हो ।

### २.४.५ लय

लयलाई लोकगीतको अर्को प्रमुख तत्त्व भनिन्छ । लय भन्नाले स्वरको आरोह अवरोह हो । लोकगीतमा हुने स्वर आरोह अवरोहलाई लोकलय भनिन्छ । यसका तीनवटा क्रम द्रुत, मध्य र बिलम्बित हुन्छन् । यसरी लय पनि फरक-फरक हुन्छ । नेपाली लोकगीतमा धेरै किसिमका लय छन् । जस्तैः सालैजो, झ्याउरे, असारे, देउसी, भैलो, यानिमाया, सुनिमाया, रोइला आदि । यी लय नै लोकगीतका भाका हुन् । यस्ता प्रकारका भाकालाई ठाडो भाका, तेस्रो भाका, घुमाउरो भाका, लस्के भाका जस्ता नामले चिनिन्छ । झ्याउरे गीतको लय आफ्नै किसिमको हुन्छ भने असारे गीतको लय एक किसिमको हुन्छ । त्यसैगरी तीजे गीतको लय आफ्नै किसिमको हुन्छ । त्यसैले लयलाई लोकगीतको मेरुदण्ड मानिन्छ । लयको अभावमा लोकगीत बन्न सक्दैन ।

### २.४.६ शैली

शैली भन्नाले पद्धति, रीति, ढाँचा, परिपाटी तरिका भन्ने बुझिन्छ । यो पनि लोकगीतको अत्यावश्यक तत्त्व हो । लोकगीतका सन्दर्भमा लोकगीत गाउने तरिका नै शैली

भन्ने जनाउँछ । यसका पनि विविध भेद छन् । जस्तैः सरल, आलङ्कारिक, वर्णनात्मक, संवादात्मक, मनोवादात्मक शैली आदि । नेपाली लोकगीतमा प्रायः प्रशस्त मात्रमा सरल शैलीको प्रयोग पाइन्छ । दोहोरी गीतमा भने तार्किक शैली प्रवल पाइन्छ । हालसालैका दोहोरी गीतमा आलङ्कारिक शैली प्रचुर मात्रामा पाइन्छ ।

### २.५ लोकगीतका विशेषता

लोकगीत विभिन्न विशेषताले युक्त हुन्छन् । तिनका विषयवस्तु, भाव, भाषा, प्रस्तुति, सिर्जना आदिका आधारमा तिनलाई ठम्याउन सकिन्छ । लोकगीतका विशेषता यस प्रकार छन् :

#### २.५.१ सरल र सहज

अभिव्यक्ति सरल, सहज हुन्छ । साधारण भनाइले मिठास थपेको पाइन्छ । यो भावुक हृदयबाट प्रस्फुटित हुन्छ । यसको आत्माले साहित्यलाई पनि आत्मसाथ गरेको हुन्छ ।

#### २.५.२ मौखिक र श्रुतिपरम्परामा आधारित

लोकगीत मौखिक र श्रुतिपरम्परामा जीवित रूपमा आएको पाइन्छ । यो लिखित नभई अलिखित रहन्छ । यसलाई सङ्कलन गरी लिपिबद्ध गरेपछि विकासशील र परिवर्तनशील रूपमा आएको पाइन्छ ।

#### २.५.३ रचनाकार र रचनाकाल अज्ञात

लोकगीत कसले र कहिले रचेको हो भन्ने जानकारी अहिलेसम्म पाउन सकिएको छैन । प्राचीन कालदेखि नै परम्परागत रूपमा चलेर आएको हुँदा यसको सामाजिकीकरण भई तिथिमिति तथा रचनाकार स्पष्ट रूपमा जानकारी पाउन सकिएको छैन ।

#### २.५.४ सङ्गीतात्मक

लोकगीत गाउनका लागि लय र सङगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतले सङ्गीतको समुचित प्रयोग गर्छ । कतिपय लोकगीतमा निरर्थक शब्दकोसमेत प्रयोग हुने

हुँदा साङ्गीतिक धुनको आवश्यकता रहन्छ । यसलाई, बाँसुरी, मादल आदि विभिन्न वाद्ययन्त्रको प्रयोगबाट सङ्गीत पूर्ण बनाइन्छ ।

### २.५.५ परिवर्तनशील

लोकगीतमा समय र स्थान अनुसार परिवर्तन आउने गर्छ । यसमा हुने परिवर्तनशीलतालाई यसको विकासशीलता मानिन्छ । प्राचीनता, पारम्परिकता, हस्तान्तरणीयता मौखिकता आदिका कारण यसमा समय-समयमा परिवर्तन देखापर्छ ।

## २.६ लोकगीतका प्रकार

नेपालीमा धेरै प्रकारका लोकगीत पाइन्छन् । प्रत्येक लोकगीतका आफ्नै विशेषता, महत्त्व र प्रकार रहेको देखिन्छ । त्यसैले अध्ययनका क्रममा लोकगीतको प्रकार धेरैले धेरै उल्लेख गरेका छन् । तापनि सर्वसम्मत, वैज्ञानिक अथवा निर्दोष वर्गीकरण कसैले गर्न सकेको छैनन् (न्यौपाने, २०६६ : १२) । यस्तो स्थिति देखिए पनि नेपाली लोकगीतलाई बाह्रमासे गीत, श्रमगीत, पर्वगीत र संस्कार गीत गरी चार प्रकारमा विभाजन गर्न सकिन्छः

### २.६.१ बाह्रमासे गीत

बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । बाह्रमासे गीतका लागि खास समय, अवसर, महिना वा ऋृतु, चाडपर्व आदि केहीको आवश्यकता पर्दैन, जुनसुकै समयमा गाउन सकिन्छ । मनले गाउन चाहेपछि जति बेला पनि सदाकालीन वा बाह्रमासे गीतहरू स्वतः प्रस्फुटित हुन्छन् ।

गायक रिजालका *मनमुटुमा तस्वीर केरेर, क्यारी तरौं बर्खे भेलैमा, भरभर आगो बल्दै हुनेछ, मर्स्याङ्दी र मादी, फोन गर है दिनमा एकफेर, सबको पछि लाग्नी भा'छु म, आउँदैन र झल्को, केही त चिनो, फूल फूलेसी झर्छ, मनै छुँदो रैछ, घर शून्य भो, फोटो हेरेनी सरसर, बाख्रा पालम्ला, अमिलो रसैले, माया कै पीरमा छु, डालीमा बसेको चरी, डाली रित्तै भो, भुन्भुन गर्दै भमरा, मायालु घुम्न जाऊ तनहुँ, मायाले दिएको चिनो, परदेशीको व्यथा, झ्याउरे* आदि गीत बह्रमासे गीत हुन् ।

### २.६.२ श्रमगीत

श्रमगीत विशेष गरी खेतबारी सम्बन्धी खासखास समयमा खासखास काम गर्दा गाइने गीत अन्तर्गत पर्छन् । यो एक प्रकारको कर्मगीत अर्थात् श्रमगीत पनि हो । खेतबारीमा काम गर्दाको समयमा गीत गाइने हुँदा यसलाई कर्मगीत वा श्रमगीत भनिन्छ (पराजुली, २०५७ : २०८) । यी गीतहरू एकातिर रोपाइँ, गोडाइँ, दाइँ आदि क्रमशःसँग सम्बन्धित छन् भने अर्कोतिर असार, भदौ, मंसिर, जेठ आदि समयसँग सम्बद्ध छन् । काम र समयको तालमेल मिलाएर गाइने हुँदा यिनलाई सामाजिक वा समय विशेषको लोकगीत भनिएको हो । जस्तैः जेठेगीत, असारेगीत, साउनेगीत, भदौरेगीत दाइँगीत, बालीगीत भारी उचाल्ने गीत आदि रहेका छन् भने घनश्याम रिजालले 'पाखा पालम्ला' शीर्षकको श्रम गीत गाएका छन् ।

### २.६.३ पर्वगीत

पर्व विशेष वा चाडवाडमा गाइने गीतलाई पर्वगीत भनिन्छ । हाम्रो नेपाली समाजमा वसन्त ऋतुको आगमनसँगै, विभिन्न पर्वको सुरुवात हुने गर्दछ । सामाजिक विषयवस्तु भावगत विविधता, भएका हाम्रो नेपाली समाजमा फरक-फरक खालका पर्वगीत देखा परेको पाइन्छ (बन्धु, २०५८ : १७२) । चाडवाडमा गाइने गीत जस्तैः *गौरा गीत, कृष्ण जन्मेको गीत तीजगीत, मालसिरी, पिङ खेल्दाको गीत, भैलो देउसी आदि गायक रिजालका को कस्तो नाच्छ हेरम्ला, क्यानी हो वाइ पुतली, मस्याङदी नदीको छल्को, नाचन साइली आउन पाइन घर यो दसैंमा* आदि पर्वगीत हुन् ।

### २.६.४ संस्कार गीत

विभिन्न मान्छेको संस्कार गर्दा गाइने गीतलाई संस्कार गीत भनिन्छ । माङ्गलिक अवसरमा महिला पुरुष दुवै मिली माङ्गलिक कार्यको आरम्भमा गाइने गीत हो । यो गीत बढी मात्रामा बाह्रमण तथा क्षेत्री जातिका महिलाले गाएको भेटिन्छ भने पुरुष अन्तर्गत गन्धर्व जातिले गाउँदा सारङ्गी बाजा बजाउनु र धर्म, अर्थ, मङ्गल मनोरञ्जन प्राप्त गर्ने उद्देश्यले गाइनु यस गीत अन्तर्गत पर्दछ (नेपाली, २०६० : ३८) । संस्कार गीत अन्तर्गत विभिन्न संस्कार गर्दा गाइने गीत यस प्रकार छन् । जस्तैः मागल, सगुन, फाग, खाँडो,

रत्यौली विवाहमा गाइने सिलोक, तरबारे गीत आदि गायक रिजालका दाइ गयो म जान पाइनँ रत्यौली गीत संस्कार गीत हो ।

## २.७ निष्कर्ष

लोकसाहित्य लोक जीवनमा परम्परागत मौखिक रूपले चल्दै आएको अज्ञात रचनाकारको अभिव्यक्ति हो भने जनसाहित्य चाहिँ जनताको बोलीचाली र मर्मका आधारमा जन हृदय छुने गरी रचिएको साहित्य हो । लोकसाहित्य गाउँमा मात्र सीमित नभई शहरमा पनि हुन्छ । यसरी स्थान भूगोल र भाषामा निहित अत्यन्त व्यापक र विशिष्ट रूपमा रहेका लोकगीत, लोक कविता, लोककथा, लोक नाटक, गाउँखाने कथा, उखान टुक्का आदि विविध विषयको समष्टि रूपलाई लोकसाहित्य भन्नु युक्तिसङ्गत देखिन्छ ।

लोकगीत लोकका गलागलामा बसी एक ठाउँबाट पुग्दै त्यहाँको स्थानीयता ग्रहण गर्दै त्यो गीत राम्रो समाज र स्थान अनुसार मौखिक रूपमा परिवर्तन हुँदै गीत परिस्कृत र परिमार्जन भएको पाइन्छ । लोकगीतमा लोक जीवनका तथा लोकमा घटेका दुःख, सुख, आँसु-हासो आशा-निराशा, पीर-वेदना, माया-प्रेम, मिलन-विछोड, चालचलन, व्यवहार, धर्म, आस्था र मान्यताको अभिव्यक्ति गरिएको हुन्छ ।

तेस्रो परिच्छेद

# घनश्याम रिजालका गीतहरूको अध्ययन

## ३.१ घनश्याम रिजालको जीवनी

घनश्याम रिजालको जन्म प्राकृतिक सुन्दरताले भरिएको स्याङ्जाको सुन्दर मनमोहक भू-बनोटको केराबारी गाउँमा भएको हो । नेपाली लोकगीत र सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा लिई गायन क्षेत्रमा क्रियाशील गायक हुन् । रिजालको व्यक्तित्व एवम् पारिवारिक पृष्ठभूमि, जन्म, बाल्यकालका समय र सन्दर्भ शिक्षा व्यक्तिगत स्वभाव, रुचि तथा गायनका निम्ति प्राप्त प्रेरणा र प्रारम्भ जस्ता जीवनका विविध पक्षलाई प्रकाश गर्दै यस परिच्छेदमा उनले गाएका गीतको अध्ययन गरिएको छ । घनश्याम रिजाल नेपाली लोक दोहोरीका फाँटमा चर्चित नाम हो । पिता खेमनारायण रिजाल र माता तोपकान्ती रिजालका सन्तानका रूपमा तीन छोरा र एक छोरी रहेका छन् । छोरी तुलसी रिजाल हुन् भने जेठा छोरा तेजप्रसाद रिजाल, माइला उमाकान्त रिजाल र कान्छा घनश्याम रिजाल हुन् । रिजालका जेठा दाजु तेजप्रसाद रिजाल नेपाली काग्रेसको सक्रिय राजनीतिमा रहेका छन् भने माइला दाजु उमाकान्त रिजाल अमेरिकाको क्यालिफोर्नियामा रहेका छन् । यस्तै दिदी तुलसी रिजाल विवाहित भई हाल सुखद दाम्पत्य जीवन व्यतित गरी रहेको पाइन्छ । रिजालका पुर्ख्यौली दाजुभाइ तथा सन्तान हाल पनि स्याङ्जा जिल्ला वालिङ्ग नगरपालिका-४ केराबारीमा बसोबास गर्दै आइरहेका छन् । मुख्यतः रिजालको पारिवारिक स्वरूपलाई निम्न अनुसारले प्रस्तुत गरिएको छ :

टीकाराम रिजाल

भवानीशंकर            खेमनारायण रिजाल

तेजप्रसाद रिजाल     तुलसी रिजाल     उमाकान्त रिजाल     घनश्याम रिजाल

कोपीला रिजाल (श्रीमती)

ग्रिस्मा रिजाल (सुपुत्री ३ वर्ष)

### ३.१.१ जन्म तथा बाल्यकाल

घनश्याम रिजालको जन्म स्याङ्जा जिल्ला वालिङ्ग नगरपालिका-४ केराबारीमा बसोबास गर्ने टीकाराम रिजालका माइला सुपुत्र पण्डित खेमनारायण रिजाल तथा श्रीमती तोपकान्ती रिजालका कान्छा सुपुत्रका रूपमा २०४२ साल श्रावण ११ गते भएको हो । पारिवारिक सदस्यबाट प्राप्त जानकारी अनुसार बाल्यकालमा उनी धेरै बोल्दैनथे । स्याङ्जामा बाल्यकाल बिताएका रिजाल अहिले पोखराको बिरौटामा बस्छन् । पण्डितका रूपमा कार्यरत पिता खेमनारायण रिजाल र घर गृहस्थी सम्हाल्दै आएकी माता तोपकान्ती रिजालको चौथो सन्तानका रूपमा जन्मेका  रिजालको बाल्यकाल गाउँमै बितेको पाइन्छ ।

सानैदेखि पढाइमा लगनशील रिजाल पढाइमा कमजोर नभएको उनका बुबा-आमा बताउँछन् । गीत संगीतलाई नजिकबाट नियालेका रिजाल परिवार र पिता खेमनारायण रिजालसँगै गाउँमा हुने हरेक पूजाआजा भजन कीर्तन, आमा समूहमा हुने विविध रमाइला कार्यक्रममा आमाबुबा सँगै जाने र एकल तथा दोहोरी गीत गाउने गरेको पाइन्छ । यस्तै, रिजालले अध्ययन गर्ने विद्यालयमा हुने हरेक शुक्रवार गीत, कविता, गजल जस्ता प्रतियोगितामा पनि उनको सहभागिता रहेको र क्रमिक रूपले अगाडि बढेको पाइन्छ । सञ्चार माध्यमका रूपमा रहेको रेडियो नेपालमा बज्ने धेरै लोकगीत, संगीत सुन्दा रेडियोमा मान्छे बोल्दा रेडियो भित्र नै मान्छेहरू पसेर कसरी बोलेका होलान् ? कसरी गीत गाएका होलान् ? जस्तो कौतुहलता मनमा छाएको र रेडियो फुटालेर मान्छे हेर्न मन लाग्ने रोचक प्रसङ्ग पनि रिजालले सुनाउछन् । रेडियोमा बज्ने गीतमध्ये नारायण रायमाझी, पुरुषोत्तम न्यौपाने, शर्मिला गुरुङ, हरिदेवी कोइराला, प्रेमराजा महत, प्रजापति पराजुली, राजेन्द्र लम्साल, बमबहादुर कार्की, बिमाकुमारी दुरा, नारायण गोपाल, अमर विरही गुरुङ जस्ता आधुनिक तथा लोक गायक गायिकाका गीत सुनेर मन्त्रमुग्ध हुने रिजाल आफै पनि गीत गुन्गुनाउने र स्कुलका साथीभाइलाई सुनाउन मनपराउँथे ।

### ३.१.२ शिक्षा तथा पेशा

घनश्याम रिजालले स्थानीय श्री जनहित प्रा.वि. पाउँदुरमा प्राथमिक विद्यालयबाट कक्षा ५ सम्म प्राथमिक तहको अध्ययन पूरा गरी श्री हिमाली मा.वि रत्नेबाट २०५७ सालमा एस.एल.सी. उत्तीर्ण गरेका हुन् । २०५९ सालमा ठूलो दाजुसँगै पहिलो पटक काठमाडौं गएका रिजाल उच्चशिक्षा अध्ययनका लागि पाटन बहुमुखी क्याम्पस काठमाडौंमा

मानविकी सङ्कायमा प्रमाणपत्र तहमा भर्ना भए । करीब छ महिना अध्ययन सँगसँगै जागिर पनि गर्दै पढे । बाबु आमाको काखमा बसेर हुर्केका मध्यम वर्गीय परिवारमा जन्मेका र खासै दु:खको अनुभव नभएका रिजाल जब दसैं मान्न घर फर्किए त्यसपछि उनलाई काठमाडौं जान मनै लागेन र केही समय घरमा नै बसे र पुन: अध्ययनका लागि घर परिवारको दबाब आयो तब आफ्ना माइला दाजु र दिदीसँग पोखराको रत्नचोकमा बसी पृथ्वीनारायण क्याम्पसमा पुन: भर्ना भई आफ्नो अध्ययनलाई अगाडि बढाए ।

पृथ्वीनारायण क्याम्पस पोखराबाट मानविकी सङ्कायमा प्रवीणता प्रमाणपत्र तह र मानविकी सङ्कायमै स्नातक तह उत्तीर्ण गरेका हुन् । एस.एल.सी. परीक्षापछि एक वर्ष श्री जनहित प्राथमिक विद्यालय पाउँदुरमा अध्यापनसमेत गराएका रिजाल हाल विद्यार्थी पुस्तक भण्डारको बजार व्यवस्थापन अधिकृतका रूपमा कार्यरत छन् ।

### ३.१.३ पारिवारिक अवस्था र रुचि

घनश्याम रिजालको संयुक्त परिवार भएकोले बुवा-आमा, दाजु-भाउजु, छोराछोरी सँगै रहँदै आएका छन् । उनी हाल पोखराको बिरौटामा श्रीमती कोपीला रिजाल र छोरी ग्रिष्मा रिजालसँगै बसोबास गर्दछन् । श्रीमती कोपिला रिजाल गरिमा विकास बैंक लिमिटेडमा कार्यरत छन् भने छोरी ग्रिष्मा रिजाल एल केजीमा अध्ययनरत छन् । स्पष्टवक्ता, अनुशासित, मिलनसार र चञ्चले स्वभावका घनश्याम रिजाल सबैसँग घुलमिल हुन्छन् । रिजाल गीत संगीतसँगै भलिबल, डण्डीबिँयो, पौडी खेल्न पनि मन पराउने रिजाल फुर्सदको समयमा पत्रपत्रिका र गीत संगीतका पुस्तक पढ्ने गरेको पाइन्छ । उनी कार्य व्यस्तताले खेललाई निरन्तरता दिन नपाएकोमा दु:ख लागेको बताउँछन् ।

### ३.१.४ सम्मान तथा पुरस्कार

गायक रिजालले गायन यात्राका विभिन्न सङ्घसस्थाबाट पुरस्कार र सम्मान प्राप्त गरेका छन् । तिनको विवरण परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

### ३.१.५ साहित्यिक संस्थामा आवद्धता

गायक रिजाल विभिन्न साहित्यिक तथा गैरसाहित्यिक संघसंस्थामा आवद्ध रहेका छन् । जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

१ राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका आजीवन सदस्य तथा केन्द्रीय कार्य समिति सदस्य

२ राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकी निवर्तमान, महासचिव

३ स्याङ्जाली स्रष्टा सदन, सचिव

४ हाम्रो दोहोरी साँझ, सञ्चालक

५ प्रस्तोता समाज नेपाल, साधारण सदस्य

६ रोयल्टी सङ्कलन समाजका साधारण सदस्य ।

## ३.२ घनश्याम रिजालका गीतको अध्ययन

गायक घनश्याम रिजालले आफ्नो गीतियात्राका क्रममा हालसम्म गाएका, सङ्कलन गरेका र प्रकाशन गरेका धेरै गीतमध्ये २८ वटा श्रव्यदृश्य क्यासेट एल्बममा समावेश गरिएका गीतको सङ्कलन र अध्ययन निम्नानुसार गरिएको छ ।

### ३.२.१ मनमुटुमा तस्वीर केरेर गीतको अध्ययन

घनश्याम रिजालको पहिलो गीति एल्बमका रूपमा २०६४ सालमा प्रकाशित प्रस्तुत सङ्गृहमा दुई वटा दोहोरी गीत समावेश छन् । 'मनमुटुमा तस्वीर केरेर' शीर्षकको पहिलो गीतमा राजु परियार, घनश्याम रिजाल र बिष्णु माझीको आवाज रहेको छ । त्यसैगरी, सोही एल्बममा समावेश गरिएको 'क्यारी तरौ वर्खे भेलैमा' शीर्षकको अर्को दोहोरी गीतमा घनश्याम रिजाललाई गायिका शर्मीला गुरुङ्ले साथ दिएकी छिन् । दुवै गीतका शब्द सङकलन घनश्याम रिजाल स्वयम्ले गरेका हुन् । प्रस्तुत एल्बम आहा म्युजिक प्रा.लि. काठमाडौंले उत्पादन गरेको हो ।

प्रस्तुत एल्बममा समावेश गरिएको 'मनमुटुमा तस्वीर केरेर' गीतमा मुख्यत प्रेमीप्रेमिका बीचको प्रेम सम्बन्ध, आग्रह र सुन्दरताको वर्णनलाई विषयवस्तु बनाइएको छ । यस गीतमा प्रेमीले प्रेमिकाको अनुहारमा लगाएको लालीपाउडर आँखाको गाजल, निधारको टीका, कलकलाउँदो जवानी हेर्दै दिन बिताएको छु भनेको छ भने प्रेमिकाले पनि तिमीलाई मात्र होइन मलाई पनि त्यस्तै हुन्छ एकछिन नदेख्दा यो मन रुन्छ । तिम्रो तस्वीर मेरो मुटुमा बसिसकेको छ । दिनरात काटेकी छु तिम्रो मुख हेरेर, नजाऊ त्यो मन फेरेर टाढा भनेर भाव विह्वल हुनेछ । उता युवक जति सम्झ्यो उती बढ्छ तिमीलाई देख्दा सबैथोक

बिर्सन्छु भन्ने शृङ्गारिक भाव अभिव्यक्त गर्छ । सीमा छैन खुशीको दिल भित्र भनेर आत्मिक प्रेम गर्छ । युवायुवती एकअर्काका ढुकढुकी बनेर जीवन बिताउनु पर्दछ भन्ने मिलनको सन्देश यस गीतले दिएको छ । गीतको एक अंश तल राखिएको छ ।

*केटा: आऊ झैँ लाग्छ (मायाको गाउँमै*[२]*),*

*बसिराखु झै हुन्छ छेउछाउ मै*

*(तिम्रो माया मनमा ढिक्का छ)*

*लाली पाउडर गाजल र निधारमै टीका छ,*

*मलाई त्यही रूप हेर्दै ठिक्क छ*

गीतमा प्रेमीप्रेमिका दुवैले हृदयभित्र गुम्सेर बसेको प्रेमको तरङ्गलाई गीतमार्फत् व्यक्त गरेका छन् । दुबै पक्षले आफ्ना मनका भावना पोखेका, प्रेमको सम्बन्ध गाढा रहेको अर्थ गीतमा व्यक्त भएको छ । सुमधुर स्वरले सजिएको यस गीतमा भाषाशैली सरल र यथार्थपरक छ ।

**क्यारी तरौं बर्खे भेलैमा गीतको अध्ययन**

मनमुटुमा तस्वीर केरेर एल्बमको अर्को 'क्यारी तरौं बर्खे भेलैमा' शीर्षकको दोहोरी गीत हो । प्रस्तुत गीतमा युवायुवतीको विछोड/वियोग प्रेमको अनुभूति हो । आफूसँग गहिरो प्रेममा बाँधिएकी युवतीको बर्खे भेलमा परेर बगाएको वियोगको घाउमा पिल्सिएका युवकको वेदना पोखिएको छ । प्रेमिकाले आफ्नो साथ छोडेपछि युवकका रात अनिँदै बितेका छन् । उता युवकसँग साँचो प्रेम गरेको भए पनि नियतिले गर्दा आफूले बाचा पूरा गर्न नसकेको आत्माग्लानी युवतीमा छ । त्यसैले ऊ पत्नी हुन नसके पनि आत्मिक प्रेमको झझल्कोमा आँसु बगाउँदै बिलौना गर्दछे । गीतको सानो अंश तल राखिएको छ ।

*केटा : मेरो पनि रोको छ मन*

*हावा सरि उड्यो नि सपना*

*क्यारी तरौं (वर्खे भेलैमा)*[२]

*फूलमा मौरी भुलेझैँ भुलेसी पितरीको झुटो खेलैमा ।*

प्रस्तुत गीतमा जीवन भनेको आशाको त्यान्द्रोमा झुन्डिएर बाँचेको हुन्छ । कहिलेकहीँ नसोचेको कुरा मानवीय जीवनमा आइपर्छ भन्ने सन्देश गीतले दिएको छ ।

गीतको भाषाशैली सरल र यथार्थपरक छ । सुमधुर स्वरमा सजिएको यस गीत जनमानसका लागि सकारात्मक सन्देश बोकेको गीत हो ।

### ३.२.२ भर्भर आगो बल्दै हुनेछ गीतको अध्ययन

२०६७ सालमा प्रकाशित तेस्रो श्रव्यदृश्य क्यासेट एल्बमका रूपमा घनश्याम रिजालले 'भर्भर आगो बल्दै हुनेछ' गीत प्रकाशन गरेका हुन् । रोशनी म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको प्रस्तुत एल्बममा दुई वटा दोहोरी गीत रहेका छन् । 'भर्भर आगो बल्दै हुनेछ' एक साइड र 'मर्स्याङ्दी र मादी' अर्को साइडमा समावेश छन् । यसैगरी 'भर्भर आगो बल्दै हुनेछ' शीर्षकको गीतमा रामजी खाँण र मुना थापा मगरको आवाज रहेको छ भने 'मर्स्याङ्दी र मादी' शीर्षकको गीतमा घनश्याम रिजाल, रामजी खाँण र मुना थापाले आवाज भरेका छन् । 'भर्भर आगो बल्दै हुनेछ' र 'मर्स्याङ्दी र मादी' दुवै गीतका शब्द सङ्कलन घनश्याम रिजालले नै गरेका हुन् । गायक रिजाललाई पहिलो पटक 'भर्भर आगो बल्दै हुनेछ' शीर्षकको गीतले नै साङ्गीतिक बजारमा चर्चित बनाएको हो ।

प्रस्तुत एल्बममा समावेश गरिएको 'भरभर आगो बल्दै हुनेछ' शीर्षक दोहोरी गीतमा मुख्यतः प्रेमीप्रेमिका बीच विछोडका गुनासालाई विषयवस्तु बनाइएको छ । यस गीतमा प्रेमी र प्रेमिका समय भइन्जेल भोलि-भोलि भनेर एकअर्कासँग भेट हुन सकेका छैन । जब समयले नेटो काटेको छ त्यतिबेला एक अर्कालाई भेट्न खोज्दा ज्यान जलेर खरानी हुनेछ भन्ने विछोडको भाव व्यक्त गरेका छन् । प्रेमीप्रेमिका दुवैले अब भेट्न आशा हराएर गइसक्यो भनेर विछोड र वियोगमा टुङ्गिएको छ । जुनसुकै काम पनि समयमा नै गर्नुपर्दछ समय बितेपछि हरेक काम कुराको परिणाम सोचे जस्तो हुँदैन भन्ने सन्देश दिएको छ । गीतको सानो अंश यस प्रकार छः

केटाः *हे भनेकै हो भेट्ने दिन जुराऊ*
*भोलि-भोलि भनेर नकुराऊ*
*भरभर आगो बल्दै हुनेछ*
*पहिलै भेट्न मानी नौ मायाले*
*भेट्दा यो ज्यान जल्दै हुनेछ*

सुमधुर स्वरमा सजिएको गीतको भाषाशैली सरल छ । गीत यथार्थपरक छ ।

**मर्स्याङ्दी र मादी गीतको अध्ययन :** झर्झर आगो बल्दै हुने छ एल्बममा समावेश गरिएको दोस्रो 'मर्स्याङ्दी र मादी' दोहोरी गीतमा युवा युवतीको प्रेम प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । यस गीतमा युवा युवतीको मायाप्रेम मर्स्याङ्दी र मादी नदीको बेग मिसिए झैँ मिसिएको छ । युवतीको १९ र २० वर्ष उर्लदो उमेर र बैस पानी झै छचल्किएको छ । युवककातर्फबाट साटम जोवन भोलि नभनी मिसिए झै दोभानमा दुई खोली भन्ने शृङ्गारिक भाव व्यक्त गरिएको छ । घरमा छोरी बढेपछि बाबा आमालाई चिन्ता पीर हुन्छ भनिएको छ भने युवकले तिमीलाई अरु माग्न नआउँदै म माग्न आउँछु भने सन्देश दिएको छ । गीतको केही अंश हेरौँ

*मर्स्याङ्दीमा मिसियो मादी आई*

*उडाउला झै भो जोवन आँधी आई ।*

शृङ्गारिक भावमा लेखिएको यस गीतको भाषाशैली भने सरल रहेको छ । गीतमा वर्तमान जनजीवनको यथार्थपरक चित्रण गरिएको छ । गीत लोक लयमा रहेको छ ।

### ३.२.३ फोन गर है दिनमा एक फेर गीतको अध्ययन

२०६७ सालमा तिर्सना म्युजिक प्रा.लि काठमाडौंद्वारा उत्पादित घनश्याम रिजालको अर्को गीति एल्बम 'फोन गर है दिनमा एक फेर' हो । प्रस्तुत गीतमा रामजी खाँण र मुना थापा मगरको आवाज रहेको छ । यस गीतको शब्द सङ्कलन घनश्याम रिजाल स्वयम्ले गरेका हुन् । प्रस्तुतः 'फोन गर है दिनमा एक फेर' शीर्षकको दोहोरी गीतमा प्रेमीप्रेमिका बीचको प्रेम प्रसङ्गलाई नै मुख्य विषय बनाइएको छ । यस गीतमा प्रेमीले आफ्नी प्रेमिकाको मिसकल आएको तीन चार दिन पहिला हो तर उसैले भन्छिन् मैले तिमीलाई मिसकल गरेर सम्झाए कतै मलाई माया गर्छु भनेर नढाँट भनेर अनुरोध गरेका छन् । प्रेमिकाले पनि आफ्नो प्रेमीलाई तिमीलाई पनि मलाई बिर्सन पाए जस्तो भएको छ भन्ने भाव व्यक्त गरेकी छिन् । साँचो माया गर्ने प्रेमीप्रेमिका बीच निरन्तर सम्पर्क भइरहनु पर्दछ भन्ने सन्देश यस गीतले दिन्छ ।

केटाः *हे मिसकल आको तीन चार दिन पहिलै हो*

*अझै भन्छेऊ, सम्झने मैले हो*

*सधैँ मलाई नढाट है हेर*

*साच्चै मैलाई सम्झे कै हो भने, फोन गर है दिनमा एक फेर*

केटी:   *हे भा'छ तिम्लाई बिर्सन पाए*

*मैले मिसकल गरेर सम्झाए*

*सधैं मलाई नढाट है हेर*

*साँच्चै मैलाइ सम्झेको हौ भने, फोन गर है दिनमा एक फेर*

वर्तमान प्रविधिले नेपाली लोकगीतका स्रष्टालाई राम्रै प्रभाव पारेको यस गीतबाट थाहा पाउन सकिन्छ । आजभोलि सञ्चारका साधनले मायाप्रेम गर्नेलाई निकै सहज र निकट बनाएका छन् भन्ने भाव गीतमा पाइन्छ । सुमधुर स्वरमा रहेको गीतमा प्रयोग भएको भाषाशैली सरल रहेको छ ।

### ३.२.४ कोइलीले गाउँछ गीतको अध्ययन

कोइलीले गाउँछ गीत २०६८ सालमा आकृति म्युजिक प्रा.लिले उत्पादन गरेको हो । यस गीतमा राजु गुरुङ र ज्योति लोहनीको आवाज रहेको छ भने शब्द सङ्कलन घनश्याम रिजालको रहेको छ । 'कोइलीले गाउँछ' शीर्षकको दोहोरी गीतमा वनको कोइली चरीलाई मायाप्रेम गर्ने युवायुवती एकछिन् एक अर्कालाई नदेख्दा कोइली चरी कराउँदै जंगलमा हिँडे जस्तै मानिस पनि आँसुका धारा बगाउँदै हिँड्छन् भन्ने भाव व्यक्त गरिएको छ । कोइली चरी कुँहुकुँहु कराउँदा मलाई मेरो मायालुको याद आउँछ आफ्नो भन्दा प्रेमीको याद र माया लाग्छ भन्ने सन्देश रहेको छ । मायाप्रेमलाई मुख्य विषयवस्तु बनाइएको यस गीत लोक लयमा आधारित रहेको छ । गीतमा प्रयोग गरिएको भाषाशैली सरल रहेको छ ।

### ३.२.५ सबको पछि लाग्नी भा'छु म गीतको अध्ययन

गायक घनश्याम रिजालको चौथो एल्बम 'सबको पछि लाग्नी भा'छु म' गीत २०६९ सालमा प्रकाशन गरेका हुन् । यस गीतका शब्द सङ्कलक स्वयम् रिजाल हुन् भने स्वर पनि रिजालकै सुन्न पाइन्छ । गीत आकृति म्युजिक प्रा.लि पोखराले उत्पादन गरेको हो । 'सबको पछि लाग्नी भाछु म' शीर्षकको लोकगीत एकल विरही गीत हो । 'प्रेममा विछोड' नै यो गीतको मुख्य पृष्ठभूमि हो । यो गीतमा प्रेम गर्दागर्दै आफ्नी प्रेमिकालाई अर्काको हातमा सुम्पेर प्रेमीप्रेमिकाको अभावमा मायाको भिक माग्ने पागल बन्न पुगेको दुःखद् प्रसङ्ग प्रस्तुत गरिएको छ । विभिन्न चार टुक्कामा रचना भएको यो लोकगीतमा प्रेममा भएको विछोडलाई मुटुमा हानिएको वाणका रूपमा प्रतिबिम्बित गरिएको छ भने मद्दत माग्दा ईश्वर

कै लात पाएको भनी प्रेममा भोग्नु परेको पीडालाई उजागर गरिएको छ । घनश्याम रिजालका हालसम्म प्रकाशित गीतमध्ये 'सबको पछि लाग्नी भा छु म' शीर्षकको एउटा मात्रै एकल गीत हो ।

केटाः *हा पक्कै तिम्लाई मेरो याद आको छ*

*यता मलाई पछुतो लाको छ*

*सबको पछि लाग्नी भा छु म*

*आफ्नै मान्छे अर्कैलाई सुन्पेर*

*आज आफै माग्नी भा छु म*

प्रस्तुत गीतमा आफ्नी प्रेमिकालाई अर्काको हातमा सुम्पिए बाध्य हुनुपर्दाको पीडालाई अभिव्यक्त गरिएको छ । मायाप्रेम गर्ने जोडीले जस्तोसुकै बाध्यता परे तापनि आफ्नो प्रेमलाई साकार पार्नुपर्छ भन्ने भाव गीतमा प्रस्तुत गरिएको छ । गीतको भाषाशैली सरल रहेको छ ।

### ३.२.६ भन्देउन माया (तीजे) गीतको अध्ययन

तीजको सन्दर्भलाई समेटेर तीजेभाका समावेश गरी गायक घनश्याम रिजालले भन्देउन माया तीजेगीत पाँचौँ एल्बमका रूपमा २०६९ सालमा प्रकाशन गरेका हुन् । प्रस्तुत गीत आवृत्ति म्यूजिक प्रा.लि पोखराले उत्पादन गरेको हो । यस गीतका शब्द सङ्कलक घनश्याम रिजाल स्वयम् हुन् । गायनमा रिजाललाई सुष्मा लोहनीले साथ दिएकी छिन् । प्रस्तुत भन्देउन माया शीर्षकको तीजे भाकाको गीत हो । यस गीतमा उमेर पुगेका ण्युवायुवती बीचको प्रेमलाई विषयवस्तु बनाइएको छ । गीतमा सबै साथीभाइले घरजम गरेको देख्दा आफूलाई पनि घरजम गर्ने रहर पलाएको भाव व्यक्त गरेका छन् । युवा युवतीले बढ्दो उमेर र चढ्दो जवानीसँगै घरजम गर्नुपर्दछ भन्ने सन्देश दिएको छ ।

केटाः *होइइ कोइले भन्छन् कति राम्रो कोइले भन्छन् कालो*

*साथीभाइले बुढी भन्दा रहर लाउन थाल्यो*

*होइइ भन्देउन माया साँच्चै मन परे मन पराउँछु काले*

*भेट हुँदा खेरी बोलाउन मैया आँखा जुध्न थाले*

केटीः *ओइइ साथी संगी तीजमा आउँछन् छोरो खेलाएर*

*मेरो भने जाने भयो बैस सेलाएर*

*होइइ नभने पनि मैले नि तिम्लाई मन पराउँछु काले*

*भेट हुँदा खेरी बोलन कान्छा आँखा जुध्न थाले*

यस गीतले युवा युवतीको अन्तर हृदयको कुरालाई व्यक्त गरेको छ । हामी एक अर्कालाई मन पराउछौं तर मुखले भन्न नसकेको मात्र हो भन्ने भाव व्यक्त गरिएको छ । जनमानसमा सकारात्मक सन्देश प्रवाह गर्ने गीतको भाषाशैली सरल रहेको छ ।

### ३.२.७ फोटो हेरेनी गीतको अध्ययन

२०६९ सालमा प्रकाशन गरिएको फोटो हेरेनी गीत एल्बमको उत्पादन आकृति म्युजिक प्रा.लि काठमाडौंले गरेको हो । यस गीतमा शंकर 'विरही' गुरुङलाई गायिका भीमकला गुरुङले साथ दिएकी छिन् भने शब्द सङ्कलन घनश्याम रिजालकै रहेको छ । 'फोटो हेरेनी' शीर्षकको गीत दोहोरी गीत हो । यस गीतमा मुख्यतः युवायुवतीको रोमाञ्चक प्रेम प्रसङ्ग समेटिएको छ । प्रेमीप्रेमिका बीच प्रेमको बन्धनमा कस्सिएर हृदयमा प्रेमको प्रतीक फूल फुलाउने चाहना बोकेर दुवै अत्यन्तै उत्साहित र रोमान्चित भएको भाव व्यक्त गरिको छ ।

### ३.२.८. आउँदैन र झल्को गीतको अध्ययन

'आउदैन र झल्को' २०६९ सालमा आकृति म्युजिक प्रा.लि काठमाडौंबाट उत्पादित दोहोरी गीत हो । यस गीतमा शंकर 'विरही' गुरुङलाई गायिका देवी घर्तीले साथ दिएकी छिन् । यस गीतका शब्द शङ्कलक रिजाल स्वयम् रहेका छन् । यस गीतमा युवायुवतीले प्रेम प्रसङ्गमा पहिले एक अर्काको चिनो स्वरूप जाले रुमाल साटेको पछि बाध्यताले छुट्टिनु परेको प्रसङ्ग रहेको छ । पछि उनीहरूले अतीतका कुरालाई स्मरण गरेर गीतमार्फत् पोखेका छन् । यस गीतमा युवायुवती आफ्नो प्रेमका लागि ज्यानको बाजी थापेर मर्न अगाडि सरेका छन् । कतै ख्याली गीतको झल्को आउने शब्दले उनलाई एक कदम अगाडि बढाएको छ । जस्तैः

केटाः *सानु तिम्ले गरेका क्यै कुरा*

*मलाई नि मन परेका त्यै कुरा*

*आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमलको ......*

केटीः *सम्झ तिम्ले के दियौ भनेको,*

*मर्न सम्म म तयार बनेको*

प्रस्तुत गीतमा आफ्नो मायालुको झल्को आएको र विगतमा पछ्यौरी साटेको सन्दर्भलाई व्यक्त गरिएको छ । गीत प्रयुक्त भाषाशैली सरल छ । गीत सामाजिक यथार्थपरक सन्दर्भमा लेखिएको गीत लोकलयमा आधारित छ ।

### ३.२.९. केही त चिनो गीतको अध्ययन

गायक घनश्याम रिजालको २०७० सालमा प्रकाशन भएको 'केही त चिनो' शीर्षकको दोहोरी गीत हो । यस गीतमा गगन गुरुङ र मञ्जु विकले सुमधुर स्वर भरेका छन् भने शब्द सङ्कलन घनश्याम रिजाल स्वयम्को रहेको छ । रक्षा म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको हो । युवायुवतीको प्रेम प्रसङ्गलाई नै मुख्य विषय बनाइएको छ । एक अर्काको चिनो स्वरूप कलिलो जवानी राख तिम्लाई सुहाउने छु की छैन म भन्ने शृङ्गारिक भाव व्यक्त भएको छ । यस गीतले आफ्नो जीवनसाथी आफूलाई सुहाउने रोज्नु पर्छ भन्ने सन्देश दिएको छ । लोक लयमा आधारित गीतमा सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

### ३.२.१० क्यार्नी हो वाई पुतली गीतको अध्ययन

गायक घनश्याम रिजालको 'क्यार्नी हो वाइ पुतली' शीर्षकको गीत २०७० सालमा प्रकाशन भएको हो । प्रस्तुत गीत आकृति म्युजिक प्रा.लि पोखराले उत्पादन गरेको हो । यस गीतमा शंकर 'विरही' गुरुङ, घनश्याम रिजाल, इन्द्रा गुरुङ र ज्योति लोहनीको सामूहिक स्वर रहेको छ भने शब्द सङ्कलन घनश्याम रिजाल स्वयम्ले गरेका हुन् । प्रस्तुत 'क्यार्नी हो वाइ पुतली' शीर्षक तीजको सन्दर्भलाई समेटेर तीजे भाका गीत समावेश गरिएको छ । यस गीतमा तीजका वेलामा सबै साथीहरू बिहे भएर काखमा छोराछोरी च्यापेर माइत आउँदा उही उमेर समूहकी युवतीलाई आफ्नो बैस चढेको र जवानी आजभन्दा भोलि भरिएको तर घरजम भइसकेको छैन भन्ने भाव व्यक्त गरिएको छ । छोरी मानिसले आफ्नो विहे उमेर बैस छदाँ गर्नुपर्छ भन्ने सन्देश दिएको छ । यस तीजे गीतमा प्रयोग गरिएको भाषाशैली सरल रहेको छ ।

### ३.२.११ आउन पाइन घर यो दसैंमा गीतको अध्ययन

आउन पाइन घर यो दसैंमा गीत २०७० सालमा आकृति म्युजिक प्रा.लि काठमाडौं उत्पादन गरेको हो । यस एल्बममा दुई ओटा गीत समावेश गरिएको छ । ‘आउन पाइन घर यो दसैंमा’ र ‘फूल फुलेसी झर्छ’ शीर्षकको दुवै गीतमा भीम परियार र कृष्ण परियारको आवाज रहेको छ भने शब्द सङ्कलन घनश्याम रिजालले गरेका हुन् ।

यस एल्बममा समावेश गरिएको ‘आउन पाइन घर यो दसैंमा’ शीर्षक गीत दसैंको सन्दर्भलाई समेटेर गाइएको दोहोरी गीत हो । यस गीतमा मुख्यतः बेरोजगार युवाहरू स्वदेशमा केही काम नपाएका कारण आफ्नो भाग्य र भविष्य खोज्दै परदेश गएर चाडपर्वमा आफ्नो घर परिवारसँगै हुन नपाएको दुःखेसो भाव व्यक्त गरेका छन् । परदेशमा भएका बेला नेपालमा मनाइने चाडपर्वलाई सम्झदै दिन बिताउन पर्ने विवशता यस गीतले सन्देश दिएको छ । यसै एल्बममा प्रकाशित अर्को गीत ‘फूल फुलेसी झर्छ’ शीर्षकको दोहोरी गीत हो । प्रस्तुत गीतमा प्रेमीप्रेमिका दुवैले आफूभित्र रहेको हृदयभित्र गुम्सेर बसेको प्रेमको तरङ्गलाई गीतमार्फत व्यक्त गरेका छन् । गीतमा दुवै पक्षले आफ्नो विगतको स्मृतिमा मनका भावनाहरू पोखेको सन्दर्भ पाइन्छ । जनमानसले सजिलै बुन सक्ने यथार्थपरक यस गीतमा सरल भाषाशैलीको प्रयो गरिएको छ ।

### ३.२.१२. घर शून्य भो गीतको अध्ययन

घनश्याम रिजालको चर्चित एल्बम ‘घर शून्य भो’ २०७१ सालमा रक्षा म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको हो । यस गीतमा घनश्याम रिजाललाई आवाजमा गायिका मधु चापागाइले साथ दिएकी छिन् भने शब्द सङ्कलन रिजाल स्वयम्ले गरेका छन् । ‘घर शून्य भो’ शीर्षकको दोहोरी गीतमा मुख्यतः सामाजिक विषयवस्तु रहेको छ । यस गीतले वर्तमान अवस्थामा गाउँघर बुढाबुढी बाबुआमा छोडेर विदेश जाने छोराछोरी पढाउने वहानामा सुख काट्न शहर जाने बुहारीका क्रियाकलापलाई दिक्क भएका बाबुआमाको व्यथा व्यक्त गरिएको छ ।

केटा :- *छोरो घर नभए नि नाती केटा थियो*
*त्यही केटाले छोराको नि झल्को मेटा थियो*
*छोरासँग बुहारी के-के कुरा गरी*
*त्यही नाति नि समातेर बजार तिर झरी*

*घर शून्य भो*

*छोरीको नि विहे भो, छोरो परदेश गइहाल्यो*

*बुहारीको बाटो खुल्यो, भने जस्तो भइहाल्यो*

*घर शून्य भो, धर शून्य भो मलाई*

*घर शून्य भो, घर शून्य भो बुढी, घर शून्य भो*

*जमानानी कस्ता आए, छोरा नाती बजार लाए*

*घर शून्य भो हाम्लाई, गाउँ शून्य भो*

केटी :- *छोरो पाए बुहारीलाई, छोरी पाए ज्वाइलाई*

*आखिरीमा रहिछ बुढा, हामी कोही न कोहीलाई*

*छोरा छोरी पाउँदा खेरी, खुशी भइयो पहिले*

*तिनकै वचन सुन्दा खेरी आँशु खस्छ अहिले*

*घर शून्य भो*

पछिल्लो समयमा राष्ट्रिय समस्याको रूपमा देखिएको वैदेशिक रोजगार र त्यसले निम्त्याएको समस्यालाई जोड दिएर गीत लेखिएको छ । धन कमाउन बाध्यतामा विदेश पसेका नेपाली दाजुभाइ र विदेशमा दुःख गरेर कमाएको धन पैसो नेपालमा बसेर येश, आराम र रमाइलोमा उडाउने घर परिवारको कथा व्यक्त गरिएको छ । साथै नेपाल फर्केर आउँदा न कमाएको धन पैसो, न श्रीमती कोही नभएको यथार्थतालाई जोडिएको छ । गीत लोक लयमा रहेको छ भने सरल भाषाशैलीमा यथार्थपरक भावलाई उतारिएको छ ।

### ३.२.१३ को कस्तो नाच्छ हेरम्ला गीतको अध्ययन

तीजको सन्दर्भलाई समेटेर तीजे भाकामा गायक घनश्याम रिजालको 'को कस्तो नाच्छ हेरम्ला' शीर्षकको गीत २०७१ सालमा म्युजिक स्टार नेपाल काठमाडौंले उत्पादन गरेको हो । यस गीतका शब्द सङ्कलन रिजाल स्वयम् हुन् भने पदम थापा मगर र कौशिल्या गुरुङले स्वर दिएका छन् । 'को कस्तो नाच्छ हेरम्ला' शीर्षकको गीतमा तीजमा दिदीबहिनी, भान्जी, माइती मावली आउँछन् । चेलीवेटीले साथीसँगी भेटेपछि दुःखसुखका कुरा गर्छन् । एक आपसमा दुःखसुख बाँड्दै तीजको भाकामा नाच्न पनि मन लाग्छ भन्ने भाव व्यक्त गरिएको छ । यस गीतले चेलीका लागि तीज पर्व आफ्नो श्रृङ्गारलाई महत्त्व दिनुका साथसाथै पतिको दीघार्युको कामना गर्ने र अविवाहिता नारीले असल पति पाउने

आशामा व्रत बस्दछन् भन्ने सन्देश बोकेको छ । प्रस्तुत गीत तीजे लयमा रहेको छ । भने गीतमा प्रयुक्त भाषाशैली सरल रहेको छ ।

### ३.२.१४ सर सर गीतको अध्ययन

वर्तमान सन्दर्भलाई समेटेर छिटो भाकामा घनश्याम रिजालको 'सर सर' शीर्षकको क्यासेट एल्बम २०७१ सालमा प्रकाशन भएको गीत हो । आशिष म्युजिक प्रा.लि. काठमाडौँले उत्पादन गरेको यस एल्बममा 'सर सर' शीर्षकको गीत समावेश छ । यस गीतमा रामजी खाँण, घनश्याम रिजाल र मुना थापा मगरले आवाज दिएका छन् भने शब्द सङ्कलन स्वयम् रिजालको रहेको छ । रिजालको 'सर सर' शीर्षकको दोहोरी गीतमा मायाप्रेमकै प्रसङ्ग समेटिएको छ । संवादात्मक शैलीमा सवालजवाफसहित युवायुवतीले गीतको सन्दर्भ जोड्दै प्रेमप्रसङ्गको रमाइलो ख्यालठट्टा गरेका छन् । भ्याउरे गीतमा विशेष गरी युवा युवतीका ख्यालठट्टा, घोचपेच र प्रेम सन्दर्भलाई विषयवस्तु बनाइएको छ ।

केटा : *माथि हेर्‍यो वालिङ बजार, तल आधीँखोला*
*अलि वर सर मैया, भुइँमा चिसो होला*
*सर सर सर मैतिर*
*बसौला पिरती लाएर*
*ठोक ठोक मादलु ठोक*
*नाचउला दोहोरी गाएर ।*

केटी : *तर्कीतर्की हिँड्दा पनि वचनैले मानै*
*छेउमा बस्दा सोल्टीज्यूले अप्ठ्यारोमा पार्ने*
*सर सर सर मैतिर*
*बसौला पिरती लाएर*
*ठोक ठोक मादलु ठोक ।*
*नाचउला दोहरी गाएर*

पछिल्लो समय गीतलाई श्रव्यदृश्य रूपमा प्रस्तुत गर्दा अतिरञ्जनात्मक बनाइने गरेको सन्दर्भमा प्रस्तुत गीत स्याङ्जाको कुनै एक महोत्सवमा दर्शकका माझ गाइएको श्रव्यदृश्य सामग्री समावेश गरिएकाले गीतमा यथार्थता बढी झल्केको छ । गीतमा महोत्सवको रौनकता सँगसँगै रोचकता पनि थपिएको छ । गीतमा रोदीमा बस्दा, मेला हेर्न

जाँदा युवायुवती नजिक बस्दा हाम्रो समाजले कुरा काट्छन् भन्ने भाव व्यक्त भएको छ। जिन्दगी बिताउनका लागि माया प्रेम नै ठूलो हो भन्ने गीतले सन्देश दिएको छ।

### ३.२.१५ बाखा पालम्ला गीतको अध्ययन

घनश्याम रिजालको 'बाखा पालम्ला' गीत २०७२ सालमा प्राप्ति म्युजिक प्रा.लि काठमाडौँले उत्पादन गरेको हो। यस गीतमा घनश्याम रिजाल र मधु चापागाईंको स्वर रहेको छ भने शब्द सङ्कलन रिजाल स्वयम्कै रहेको छ। प्रस्तुत : 'बाखा पालम्ला' शीर्षकको दोहोरी गीत रिजालको हालसम्मको सर्वोत्कृष्ट एल्बम हो भन्न सकिन्छ। जसमा सामाजिक यथार्थलाई विषयवस्तु बनाइएको छ। यस गीतमा परदेशमा आफ्नो भाग्य र भविष्य खोज्न गएका युवाहरू आफ्नो परिवार स्वदेशी भूमिमा पसिना बगाऔं भन्ने सन्देश गीतले दिएको छ।

केटी : *घर शून्य भो भन्न थाले गाउँका बुढापाका*
*बजार तिरै झर्न थाले अलिअलि भाका*
*पाखा बारी बाँझै हुँदा जोत्ने कोही छैन*
*घरको भित्तो भत्किदा नि पोत्ने कोही छैन*
*ए बुढा फर्की आउँ गाउँमै एउटा व्यापार थालम्ला*
*भए नि ठीकै छ नभएनी बाखा पालम्ला*

केटा : *ठूल्दाइले नि विदेश छाडी गाउँमै बस्न थाले*
*तिम्ले पनि आऊ आऊ भन्छेऊ आइजा भन्छन् बाले*
*छोराछोरी बा भनेर रोए अस्ती फोनमा*
*त्यो सम्झिदा अहिले पनि खुशी छैन मनमा*
*ऐ बुढी आउँदैछु गाउँमा, गाउँमै एउटा व्यापार थालम्ला*
*भए नि ठीकै छ नभएनी बाखा पालम्ला*

गीतमा विदेशमा श्रम र पसीना बगाएका नेपाली दाजुभाइलाई विदेशको जति दुःख नेपालमा गऱ्यो भने त्यो भन्दा धेरै धन कमाउन सकिन्छ भन्ने प्रेरणा दिइएको छ। नेपालमा सुन फल्ने जग्गा जमिन बाँझो राखेर र धरौटीमा राखेर विदेश जानुभन्दा परिवारको साथमा बसेर यही दुःख गरे सबैको मन रमाउँछ भनिएको छ। विदेशमा पनि पैसा कमाउन सजिलो छैन त्यसैले नेपालमै आएर दुःखसुख गरेर जीवन गुजारा चलाउ भनेर गीतमा आग्रह

गरिएको छ । सोही कारण गीत उत्कृष्ट राष्ट्रिय गीतको उत्कृष्ट पाँचमासमेत पर्न सफल भएको थियो । नेपाल एक कृषि मुलुक भएकाले पनि प्रस्तुत गीतले आम नेपालीको मन छोएको पाइन्छ । पछिल्लो समय कृषि पेशालाई युवा पुस्ताले आर्थिक आयआर्जनको स्रोतका रूपमा लिने गरेको पाइन्छ । गीतमा प्रयोग गरिएका झर्रा नेपाली शब्दले थप माधुर्यता थपेका छन् ।

### ३.२.१६ मर्स्याङदी नदीको छल्को गीतको अध्ययन

२०७३ सालको तीजका सन्दर्भमा प्रकाशित 'मस्याङदी नदीको छल्को' शीर्षकको गीत कृष्ण फिल्मस प्रा.लि काठमाडौंले उत्पादन गरेको हो । घनश्याम रिजालको शब्द सङ्कलन रहेको उक्त गीतमा लक्ष्मी नेपालीले स्वर दिएकी छिन् । तीज पर्व कै सन्दर्भसँग सम्बन्धित 'मर्स्याङ्दी नदीको छल्को' गीतमा वर्ष दिनमा एकपल्ट आउने तीजमा दिदीबहिनीलाई माइतमा छँदा आमाले पकाएको दर खाएको याद आउँछ । अब त माइतमा आमा पनि हुनुहुन्न छोरीको कर्म घर खाएर बन्ने हो भन्ने चेलीको मनोभाव व्यक्त भएको छ । चेलीलाई जति सुख पराइ घरमा भए पनि माइती घर प्यारो हुन्छ भन्ने सन्देश गीतले दिएको छ । तीजे लयमा गाइएको गीतमा सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

### ३.२.१७ डालीमा बसेको चरी गीतको अध्ययन

गायक घनश्याम रिजालको २०७३ सालमा साई मिजन प्रा.लि काठमाडौंले उत्पादन गरेको 'डालीमा बसेको चरी' शीर्षकको दोहोरी गीत हो । यस गीतमा शब्द सङ्कलन घनश्याम रिजाल र राजन कार्कीले गरेका हुन् भने रामजी खाँण र मुना थापा मगरले आवाज भरेका छन् । 'डालीमा बसेको चरी' शीर्षकको दोहोरी गीतमा भर्खरै मनमा प्रेमको भाव टुसाएको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । युवायुवती एक अर्काको मुटुमा बसिसकेको अर्कैले चुडेर लान्छ कि भन्ने भाव व्यक्त गरेका छन् । वनको चरी वनमा बसे झैं मेरो मनको मायालु मुटुमा बसिरहेको छ भन्ने सन्देश दिएको छ ।

### ३.२.१८ मायालु घुम्न जाउँ तनहुँ गीतको अध्ययन

मायालु घुम्न जाउँ तनहुँ गीत २०७३ सालमा प्राप्ति म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको हो । यस गीतमा मेघनाथ रिमाल र प्रिती आलेको आवाज रहेको छ भने

शब्द सङ्कलन घनश्याम रिजाल स्वयम्ले गरेका हुन् । 'मायालु घुम्न जाऊ तनहुँ' शीर्षक दोहोरी गीतमा मायाप्रेमकै प्रसङ्गलाई समेटिएको छ । प्रेमीप्रेमिका बीच गाढा माया बढेपछि विभिन्न ठाउँ घुम्न जाने भाव व्यक्त गरेका छन् । आफ्नो प्रेमिका पाउनका लागि भगवान्सँग पनि कसम खान्छु भन्ने सन्देश दिएको छ । गीतमा युगल जोडीको प्रेम कहानीलाई सरल शब्दको संयोजनद्वारा सार्थक रूपमा प्रस्तुत गरिएको छ । गीत सरल भाषाशैलीमा संरचित रहेको छ ।

### ३.२.१९ दाइ गयो म जान पाइन गीतको अध्ययन

दाइ गयो म जान पाइन गीत २०७३ सालमा रक्षा म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको हो । गीतमा घनश्याम रिजाल राजन कार्की र सीता केसीको आवाज रहेको छ भने शब्द सङ्कलन घनश्याम रिजाल स्वयम् कै रहेको छ । पहिला-पहिला महिला मात्र रत्यौली गीत गाउँथे भने आजकल पुरुषहरूको पनि सहभागिता रहेको देखिन्छ । यस गीतले सासू पनि जन्म दिने आमा सरह माया गर्छिन् भन्ने भाव व्यक्त गरेको छ । बुहारीलाई राम्रो गर सबैको मन पर भन्ने गीतले सन्देश दिएको छ । प्रस्तुत 'दाइ गयो म जान पाइन' शीर्षकको रत्यौली गीत हो । हाम्रो भाइ सुनको टुकुरो, दुलही लिन भनेर दुकुरो जस्ता ठेट नेपाली शब्दको प्रयोग गीतमा पाइन्छ । मुख्यतः यस गीतमा नेपाली सामाजिक संस्कारलाई सरल भाषाशैलीका माध्यमबाट आकर्षक विषयवस्तु बनाइएको छ ।

### ३.२.२० अमिलो रसैले गीतको अध्ययन

गायक घनश्याम रिजालको 'अमिलो रसैले' शीर्षकको दोहोरी गीत हो । प्रस्तुत गीत आशिष म्युजिक प्रा.लि काठमाडौंले २०७३ सालमा उत्पादन गरेको हो । यस गीतका शब्द सङ्कलन रिजाल स्वयम् हुन् भने रामजी खाँण र भीमु गुरुङले आवाज भरेका छन् । राष्ट्रिय लोक दोहोरी अवार्ड २०७३ वर्षको उत्कृष्ट पाँच लोकगीत मध्ये पर्ने सफल 'अमिलो रसैले' गीतले रिजाललाई चर्चाको शिखरमा पुऱ्याएको पाइन्छ । यसै गीतबाट रिजालले पाँचौं राष्ट्रिय लोकदोहोरी अवार्डसमेत हात पारेका छन् ।

मुख्यतः यस गीतमा माया प्रेमसँग सम्बन्धित भावनालाई विषयवस्तु बनाइएको छ । माया प्रेम गर्ने युवायुवती आफ्नो मायालुलाई अमिलो फलफूलको रससँग तुलना गरेका छन् । युवतीको सरलक्क परेको रसिलो जीउडाल देख्दा युवकलाई मन थाम्न गाह्रो परिरहेको

छ । युवतीलाई मोहनी मन्त्र लगाएर आफ्नो बनाउँछु भन्ने पुरुषार्थ भाव व्यक्त गरेको छ । युवतीले मेरो पनि उर्लदो बैस, चढ्दो जवानीलाई तिमीले सम्हालेर राख म पनि तिम्रो मायामा डुब्न चाहन्छु भन्ने शृङ्गारिक भाव व्यक्त गरेकी छन् । रथ चलाउन दुई पाङ्ग्राको आवश्यकता परे झैँ जीवन बिताउन प्रेमीप्रेमिकाको खाँचो पर्दछ भन्ने सन्देश गीतले दिएको छ ।  गीतमा प्रेमलाई भद्दा रूपमा नभइकन शालिन तवरमा प्रस्तुत गरेर जवानी आएपछि एकदिन हामी एकअर्काको हुनैपर्छ भन्ने भाव व्यक्त गरिएको छ । गीतमा प्रयुक्त भाषाशैली सरल रहेको छ ।

### ३.२.२१ परदेशीको व्यथा गीतको अध्ययन

२०७३ सालमा रक्षा म्युजिक प्रा.लि काठमाडौंले उत्पादन गरेको 'परदेशीको व्यथा' दोहोरी गीत हो । यस गीतमा राजन कार्की, विनिता केसी र निशा पोखरेलको स्वर रहेका छ । गीतमा घनश्याम रिजाल स्वयम्को शब्द सङ्कलन रहेको छ । प्रस्तुतः 'परदेशीको व्यथा' शीर्षक गीतमा नेपाली युवती आफ्नो भाग्य र भविष्य खोज्न परदेश जानु परेको बाध्यतालाई समेटिएको छ । यस गीतमा आफ्नो श्रीमान् अपाङ्ग भएर स्वदेश फिर्ता भएपछि श्रीमती छोराछोरीको पालन पोषण र पढाइका लागि परदेश जानु परेको भाव व्यक्त गरेका छन् । समतामुलक समाज निर्माणको आह्वान गरिएको गीत राष्ट्रिय भावनाले ओतपोत भएको छ । नेपाली युवतीलाई विदेशमा गरिने दुर्व्यवहार र हेलाको सन्दर्भलाई प्रस्तुत गर्दै गीतका माध्यमबाट सकेसम्म आफ्नै देशमा रमाउनु पर्छ भन्ने राष्ट्रिय भावना जगाएको छ । गीतमा सरल भाषाशैलीका माध्यमबाट आम नेपाली दाजुभाइको कारुणिक चित्रण गरिएको छ ।

### ३.२.२२ दसैँ तिहार आउँदा खेरीमा गीतको अध्ययन

रिजालको प्रस्तुत दसैँ तिहार आउँदा खेरीमा गीत २०७३ सालमा आकृति म्युजिक प्रा.लि पोखराले उत्पादन गरेको हो । यस गीतमा राजन कार्की, घनश्याम रिजाल र चिना थापाको स्वर रहेको छ भने शब्द सङ्कलन राजन कार्कीले गरेका छन् । यस गीतमा दसैँ तिहारको सन्दर्भलाई समेटिएको छ । पति र पत्नी बीचको चाडपर्वमा टाढा हुँदाको भाव व्यक्त गरेका छन् । नेपालीका महान् पर्व भनेका नै दसैँ तिहार भएकाले टाढिएर बस्नुपर्दाको पीडालाई गीतका माध्यमबाट गायकले सरल तरिकाले प्रस्तुत गरेका छन् । गीतमा प्रयोग

गरिएको भाषाशैली सरस र सहज छ । गीतमा परदेशमा भएको बेला चाडपर्वलाई घरपरिवारलाई सम्झिदै बस्नु परेको यथार्थता रहेको छ । चाडपर्वमा घरमा छोरा नहुँदा बुढीआमाको हृदय रोइरहन्छ भन्ने सन्देश छ ।

## ३.३ घनश्याम रिजालका गीतको वर्गीकरण

लोकगीतलाई गायन शैलीका दृष्टिले विविध प्रकारका गीतमा वर्गीकरण गरी छुट्याउन सकिन्छ । लोकगीतलाई गायन प्रकार्यका आधारमा सामान्य र विशिष्ट गरी दुई प्रकारले विभाजन गरिएको पाइन्छ । सामान्य गीतमा एकल, सामूहिक र दोहोरी गीत पर्दछन् भने विशिष्ट गीतमा धर्मिक आस्था, रीति संस्कार, चाडपर्व, ऋतु र श्रमसँग सम्बन्धित हुन्छन् (बन्धु, २०५८ : १२४) । त्यसैगरी, प्रस्तुतीकरणमा हुने सहभागिताका दृष्टिले गीतलाई तीन किसिमले वर्गीकरण गरी छुट्याउन सकिन्छ । एकल गीत, दोहोरी गीत र समूह गीत । एकल गीत एक्लै गाइन्छ । दोहोरी गीत जसमा दुई जना वा दुई पक्ष बीच सवालजवाफ हुन्छ । समूह गीत जुन समूहमा बसेर गाइन्छ । यही पृष्ठभूमिमा घनश्याम रिजालका गीतलाई गायन प्रस्तुतीकरण, सहभागिता वा प्रकार्यका आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

### ३.३.१ दोहोरी गीत

दुई व्यक्ति वा समूहका बीच गीतैमा गरिने सवालजवाफलाई दोहोरी गीत अथवा जुहारी भनिन्छ । प्रायः युवयुवती तथा युवकयुवतीका समूह बीच यस्तो दोहोरी हुने गर्दछ । दोहोरी संवादको रूपमा गाइने हुनाले दोहोरी भनिएको एक थरिको भनाइ छ भने दोहोऱ्याएर गाइने हुनाले दोहोरी नाम रहेको भन्ने अर्को थरि भनाइ पाइन्छ तर सबैलाई दोहोरी गीत भनिँदैन । प्रश्न र उत्तर दुवै एउटै लय र शैलीमा प्रस्तुत हुने दोहोरी गीत, सिलसिलावद्ध रूपमा कविको रचनामा जस्तै मर्मस्पर्शी र कल्पनाशील अभिव्यक्ति हुन्छ । दोहोरी गीतमा युवायुवती प्रेम प्रसङ्ग निकालेर पश्नोत्तर गर्दा, आफ्नो परिचय दिँदा, आआफ्ना अपेक्षा र आकाङ्क्षा व्यक्त गर्दा, ख्यालठट्टा गर्दा वरपर, समाज र वातावरणलाई सन्दर्भका रूपमा प्रयोग गरिन्छ भने छन्द र लय मिलाउने क्रममा केही अप्रासङ्गिक कुरा ल्याई प्रासङ्गिक कुरा भन्ने लोकगीतको शैली दोहोरीमा भेटिन्छ (बन्धु, २०५८ : १४० ) ।

खेतबारीमा काम गर्दा, चाडपर्वमा रातभर जाग्राम बस्दा, रोदी घरमा र जात्राहरूमा सुनिने दोहोरी गीत हिजोआज होटल रेष्टुरेन्टमासमेत गाउने, सुनाउने र मनोरञ्जन लिने गर्न थालिएको छ । वर्तमान समयमा दोहोरी गीत सुन्न चासो नराख्ने समुदाय वीरलै भेटिन्छन् । घनश्याम रिजालले हालसम्म प्रकाशन गरेका गीतमध्ये दोहोरी गीतको सङ्ख्या सबैभन्दा बढी छ । *मनमुटुमा तस्वीर केरेर, क्यारी तरौ वखै भेलैमा, भर्भर आगो बल्दै हुनेछ, फोन गर है दिनमा एक फेर, आउँदैन र भल्को, केही त चिनो, मनै छुँदोरहिछ, घर शून्य भो, फोटो हेरेनी, सर सर, बाखा पालम्ला, अमिलो रसैले, मायाकै पीरमा छु, डालीमा बसेको चरी, डाली रित्तै भो, भुन्भुन गर्दै भमरा, मायालु घुम्न जाउँ तनहुँ* जस्ता शीर्षकका गीत दोहोरी गीत हुन् ।

सबै गीत प्रस्तुति र सहभागिताका दृष्टिले मुख्यतः युवायुवती वा उनीहरूको समूह बीच प्रेम प्रसङ्गलाई लिएर गरिएका सवालजवाफ र ख्यालठट्टामा केन्द्रित छन् भने सबै सन्दर्भलाई प्रासङ्गिक सिलसिलामा मिलाएर गीत बनाई गाएको पाइन्छ ।

### ३.३.२ तीजका गीत

हिन्दू नारीहरूको महान् पर्व तीज तीन दिन मनाइन्छ । पहिलो दिन छोरी चेलीलाई दर खुवाइन्छ । दरमा पहिले दूधबाट बनेका परिकार, सेलरोटी, घिउ, दूध, दही, फलफूल आदि खुवाइन्छ । भोलिपल्टको दिन केही नखाइकन (निराहार) ब्रत बस्नुपर्ने भएकोले राति अबेरसम्म महिलाले दर खाने प्रचलन छ । भाद्र शुक्ल तृतीयाका दिन हरितालिका तीजको व्रत बसिन्छ । पौराणिक कथा अनुसार पार्वतीले आफ्नो तपस्या पूरा गरी शिवजीलाई वरको रूपमा प्राप्त गरेकाले सोही खुसीलाई आत्मसाथ गरी नाचगानसहित हर्सोल्लासका साथ मनाउने चलन चलेको भन्ने मान्यता छ । तीजको अन्तिम दिन ऋषि पञ्चमी हो । तीन सय पैंसठ्ठी ओटा दतिवनले आफ्नो दन्त धावन गरेर नुहाएमा र पूजा गरेमा एक वर्षभरी बराबरको सिद्धि प्राप्त हुने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ ।

तीजका अवसरमा नारीद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । सासुले बुहारीलाई दिने गरेका दुःख-वेदना, नन्द र अमाजुको कर्कश व्यवहार, माइत जान नपाएका कुण्ठा, पेटभरी खान र मनलाग्दो लगाउन नपाउँदाका छटपटी तीजका गीतका विषयवस्तु पनि परिवर्तन हुँदै जान थालेका छन् । हिजोआज तीजका गीतमा शिव-पार्वती अर्थात् पुरुष-महिला वा पति-पत्नीको सन्दर्भ जोडेर युवायुवतीका माया प्रीति र प्रेम प्रसङ्ग सामाजिक

विकृति, विसङ्गति तथा राजनैतिक सचेतना जस्ता विषयवस्तु समेटिन थालेका छन् । यी र यस्तै विषयवस्तु समेटिएका घनश्याम रिजालका हालसम्म प्रकाशित *भन्देउन माया, क्यार्नी हो वाइ पुतली, को कस्तो नाच्छ हेरम्ला, नाचन साइली, जाम माया* शीर्षकका गीत तीजे भाकाका गीत हुन् ।

### ३.३.३ एकल गीत

गीतको गायन प्रस्तुति र सहभागिताका दृष्टिले एकल, दोहोरी वा सामूहिक गीत हुन्छन् । एक्लै गाएर मनको भाव अभिव्यक्त गरिने गीतलाई एकल गीत भनिन्छ । एक जना व्यक्तिको मात्र आवाजमा आफ्नै सुरले अगाडि बढ्दै गाइने गीत नै एकल गीत हुन् । एकल गीतमा जुनसुकै सन्दर्भ वा प्रसङ्ग गीतका विषयवस्तु हुन्छन् । एक्लै बस्दा आफ्नो मनमा उठेका भावना र विचारलाई उनेर गीत बनाएर गाइन्छ । गीतको पृष्ठभूमि माया प्रेम, दुःख, गरीबी, सङ्घर्ष जस्ता पनि हुन सक्छन् । घनश्याम रिजालको लय, शब्द र स्वरमा सजिएको *सबको पछि लाग्नी भा'छु म* र *मर्स्याङ्दी नदीको छल्को* शीर्षकका एकल गीत प्रकाशन भएको पाइन्छ । जुन गीतमा विरह र वेदनालाई व्यक्त गरिएको छ ।

### ३.३.४ झ्याउरे गीत

हाम्रो देशमा सर्वप्रथम प्रचलित र सबै उमेरका मान्छेले गाउने अति लोकप्रिय सदावहार गीत झ्याउरे गीत हो । शाब्दिक अर्थ खोल्दा झ्याउरो भन्ने 'झर्रा' शब्दमा 'ए' प्रत्यय जोडिएर बनेको झ्याउरे भन्नाले लुखुरे, निन्याउरो वा झ्याउ (झिँझो) लाग्दो भन्ने बुझिन्छ (बन्धु, २०५८ : १३२) । लोकसाहित्यमा झ्याउरेका केही अर्थहरू १) मैथिली, भोजपुरी र थारु भाषिकामा झामर लगाएर नाचिने हुँदा झामरबाट झाम्रे हुँदै झ्याउरे भएको २) झुम्रेझाम्रे लुगामा जुरुक्क-जुरुक्क उफ्री नाचिने गीत ३) झामुरा वा मगर भाषामा धुलो उडाएर नाचिने हुनाले झामुराबाट झ्याउरे भएको हो भन्ने विविध तर्कहरू भेटिन्छन् (बन्धु, २०५८ : १३२) । यथार्थ जे भए पनि पट्यार लाग्दो समय कटाउन डम्फु मादल घन्काएर चुड्किलो तालमा झ्यामझ्याम्ती गाउने नाचिने गीत नै झ्याउरे गीत हो भनेर स्वीकार्न सकिन्छ । बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय झ्याउरे गीत एक्लै वा दोहोरीका रूपमा पनि गाइन्छ । ठाउँ र क्षेत्र अनुसार झ्याउरे गीतका भाका विविध हुन सक्दछन् । यो गीत पनि एकोहोरी र दोहोरी दुवै प्रकारले गाउन सकिन्छ ।

घनश्याम रिजालका प्रकाशित गीतमध्ये *सर सर, डालीमा बसेको चरी, मायालु घुम्न गाऊँ तनहुँ* गीत छोटो भाकामा गाइएका झ्याउरे गीत हुन् । दोहोरीका रूपमा गाउँदा टुक्काहरूलाई छोपेर दोहोऱ्याउनेकोसमेत सहभागिता हुन्छ (बन्धु,२०५८:१३२) । यस गीतमा पनि समूहले गीतको उठान गरी त्यही टुक्कालाई दोहोऱ्याइएको छ ।

*चन्द्रमुखी मुहार तिम्रो लज्जालु छ पन*
*तिम्रो छेउमा बस्दा खेरी अर्कै हुन्छ मन*
*डालीमा बसेको चरी भुरुरु उडेर जान्छ की*
*मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की*
*हा हा अर्कैले चुडेर लान्छ की*

(डालीमा बसेको चरी) ।

*माथि हेऱ्यो वालिङ्ग बजार तल आँधी खोला*
*अलि वर सर मैया भुँइमा चिसो होला*
*ए सर सर सर मै तिर*
*बसौला पिरती लाएर*
*ठोक ठोक मादलु ठोक*
*नचउला दोहोरी गाएर*
*ए नाचउला दोहोरी गाएर* (सर सर) ।

### ३.३.५ रत्यौली गीत

दुलाहाका घरमा विवाहका अवसरमा बालिएको शुभसूचक बत्ती कुर्न भनी जम्मा भएका महिलाले गाउने सामूहिक गीत रत्यौली हो (न्यौपाने, २०६६:३३४) । रत्यौली गीत गाउने सन्दर्भमा समाजले बनाएको एउटा लोक प्रचलन छ । जसअनुसार पुरुषले रत्यौली हेर्न त परै जाओस् सुन्न पनि हुँदैन । किनभने हेरे वा सुनेमा आयु घट्छ । यस्तै महिला एकत्रित भई रत्यौली गाउने र नाच्ने गरेमा नयाँ दम्पत्तिको आयु बढ्छ भन्ने अर्को लोक विश्वास छ । जन्ती जानुपूर्व ग्रह शान्ति गर्दा बालेको दियो दुलही नभित्र्याएसम्म मर्न दिन हुँदैन । मऱ्यो भने नवदम्पत्तिको जीवनमा अपशकुन पर्दछ भन्ने लोक चलन छ (न्यौपाने, २०६६ : ३३४) । विशेषतः रत्यौली गीत ब्राह्मण, क्षत्रीलगायतका जातजातिमा बढी प्रचलित छ । रत्यौली शब्दको व्युत्पत्ति फरक-फरक ढङ्गले गरेको पाइन्छ । कतै रात+यौली=रत्यौली,

कतै रात+खेली अनि कतै राति+एली=खेली व्युत्पत्ति गरी चिनाइएको छ । रातमा गाइने भएकाले रत्यौली भएको तर्क गर्ने पनि पाइन्छन् भने अनि रतिक्रिडाका भाव प्रस्तुत गर्दै गाइने भएकाले खेली भएको हो भन्ने पनि छन् । यो गीत भगवान् कृष्णको रतिलीलाका क्रममा गाइने गीतबाटै रत्यौलीको जन्म भएको हो भन्ने पनि छन् (पराजुली : २६२) । यस गीतलाई अर्घाखाँची तथा गुल्मीतिर ज्यूँती गीत पनि भन्दछन् । यस गीतको गायनमा गाउने र नाच्नेको सहभागिता अनिवार्य हुन्छ अभिनयको साथ नृत्य गर्नेलाई लुठो, जोगी वा जोगिया भन्दछन् । रत्यौली नामको यो गीत श्लील र अश्लील गरी दुई प्रकारको हुन्छ । यो गीत गाउँदा पहिलेपहिले बाजाको ठाउँको तालीमात्र प्रयोग गर्दथे भने अहिले बाजाका रूपमा मादल वा खैजडी बजाउने गरेको पाइन्छ । यसको आरम्भिक इतिहास स्पष्ट नभए पनि प्रचलन धेरै पुरानो हो (पराजुली, २०५७ : २६१) । सामाजिक विषयवस्तु, श्रृङ्गार तथा हास्यभावको प्रधानता, लोकभाषाको बहुलता, स्थायी, अन्तरा र थेगोको प्रयोग, वर्णनात्मक शैलीको बहुलता, द्रुत लयमा गाइनु, मनोरञ्जन गर्ने उद्देश्यले गाइनु, विवाहका अवसरमा महिलाहरूले सामूहिक रूपमा गाउनु पुनरावृत्तिका कारण लामो संरचना हुनु यस रत्यौली गीतका विशेषता हुन् । घनश्याम रिजालले गाएको रत्यौली गीतको एउटा अंश यस्तो छ :

केटाः *दाजु भाइ दुकुरे जन्त, रत्यौलीमा भुलेछ यो मन त*
*(दाइ गयो म जान पाइन, फूल भोरेको पुतली रेलैमा)*[3]
*हा हा फूल भरेको पुतली रेलैमा ।*

केटीः *दाइ गयो फूल माला झल्काउँदै, ल्याउँछ दुलही दोसल्ला टल्काउँदै*
*दाइ गयो म जान पाइन, फूल भोरेको पुतली रेलैमा*
*हा हा फूल भरेको पुतली रेलैमा ।*

## ३.४ घनश्याम रिजालका गीतमा अभिव्यक्ति विषयवस्तु र भाव

लोक मानसको अन्तरमनमा निहित जीवनको भोगाइका उज्याला र अँध्यारा पाटालाई खोतल्ने हाम्रा लोकगीत सङ्गीत नेपाली मन र माटाका सुगन्ध हुन् । हृदयको खेतमा उम्रने लोकगीतले सरलता सहजता, व्यापकता, मार्मिकतामा रागात्मकता जस्ता शिल्प र शैली अवलम्बन गर्दै देशकाल र परिवेशको चित्रण गरेका हुन्छन् । लोक जीवनका विविध अनुभव अनुभूतिको नालीबेली प्रकट गर्ने लोकगीत र सङ्गीत सुनेर मानिसले हृदयमा शान्ति र शीतलताको अनुभव गर्दछ । घनश्याम रिजालले गायका तथा सङ्कलन

गरेका गीतमा लोक जीवनका तिनै अनुभव र अनुभूतिका अनेकौ पक्ष र पाटाको सरल, सहज, व्यापक, मार्मिक र लयात्मक चित्रण पाइन्छ । आफ्ना गीतका माध्यमबाट उनले अभिव्यक्त गरेका विषयवस्तु र भावलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ३.४.१ मायाप्रेम

कुनै पनि गीत सङ्गीतमा प्रत्यक्ष वा परोक्ष रूपमा माया र प्रेमको सुगन्ध आए कै हुन्छ । घनश्याम रिजालका धेरै गीतका मुख्य विषयवस्तु मायाप्रेम नै बनेका छन् । सृष्टिको अस्तित्व र मानव जीवनको सार सबै माया र प्रेममै मानव जीवन फरक-फरक प्रकृति र स्वरूपको माया र प्रेममा बाँधिएको हुन्छ अनि मानिसका भोगाइ माया र प्रेमका बन्धनमा बाँधिदै र छुट्टिँदै गर्दा परिपक्क र पाको हुँदै जान्छन् । घनश्याम रिजालका गीतले पनि भोगाइ अनुसार माया र प्रेमका स्वरूप भिन्न हुन सक्छन् तर माया प्रेमको सौन्दर्य एउटै भन्ने भाव अभिव्यक्त गरेका छन् ।

*जून जस्तै जोवन फूल जस्तै वसायो*
*तिमीलाई देख्दा यो मुखै रसायो ।*
*(अमिलो रसैले)*[२]
*साँधुकी मायालाई*
*बाँधुकी मायालाई*
*मोहनी मन्त्रले* (अमिलो रसैले) ।
*तिम्रो फोटो मोबाइलमा राखेको, छैन कान्छु हेरेरै थाकेको*
*थाकेको, मन बुभ्दैन फोटो हेरेनी*
*टाढा भइयो भनी मन नदुखाउ, फेरि भेट हुम्ला केरेनी* (फोटो हेरेनी) ।

उनका गीतले मायाप्रेममा कहिल्यै तगारो सुहाउँदैन यो त स्वतस्फूर्त र स्वतन्त्र ढङ्गले गरिन्छ भन्ने भाव प्रकट गरेका छन् ।

### ३.४.२ नारीका वेदना

पुरुषप्रधान नेपाली समाजमा नारीहरू परम्परादेखि थिचिँदै र पिल्सिँदै आएका छन् । उनीहरूको दैनिकी घाँस, दाउरा र मेलापात गर्दै बित्छ । मनका इच्छा र आकाङ्क्षाले कहिल्यै शिर ठड्याउन पाउँदैनन् । गुन्यु, चोली फाटेका नेपाली चेलीको हृदय पनि उस्तै

गरी फाँटेको रहेको यथार्थता एक्काइसौं शताब्दीको कालखण्डमा पनि जीवितै छ । घनश्याम रिजालले आफ्ना गीतमा यस्तै परिवेश समेटी नारीको वास्तविक पीडालाई पोख्ने काम गरेका छन् । वर्ष दिनमा आउने चाडपर्वसमेत निर्धक्कसँग मनाउन नसक्ने आर्थिक अवस्था कमजोर र पीडामा बाँच्न नेपाली चेलीहरू विवश छन् । नारीहरूको महान् चाड तीजमा एक सरो लुगा लगाउन नपाउने र पेटभरी खान नपाउने नियतिलाई रिजालका गीतले यसरी उजागार गरेका छन् ।

*हे चटक्कै छोडी आम भने घरमा गाई कल्ले दुहुन्छ*
*एक सरे भइयो माइतीलाई सम्झी यि आँसु चुहुन्छ*
*मर्स्याङ्दी मादीको छल्को मनभरी माइतीकै झझल्को*
(मर्स्याङ्दी मादीको छल्को) ।
*साह्रै चिन्ता लाउन थाल्यो सोच्दा घरी-घरी*
*भाउजुले नि हेर्न थालिन् आँखा तरी-तरी*
*क्यानीं हो वाई पुतली*
*वैस नि चढ्यो जवानी बढ्यो क्यानीं हो वाई पुतली* (क्यानीं हो वाई पुतली)

### ३.४.३ सामाजिक विपन्नताको चित्रण

घनश्याम रिजालका गीतमा नेपाली सामाजिक जनजीवनमा व्याप्त आर्थिक विपन्नताको सजीव चित्र प्रस्तुत गरिएको छ । उर्लदो विज्ञान र विकासका प्रभावले आजको विश्व समृद्धिको उत्कर्षमा पुगिरहेको वर्तमान परिप्रेक्षमा नेपालको ग्रामीण जनजीवन भने पेटभरि खान नपाएर छटपटाइ रहेको र यही छट्पटी शान्त पार्न सकिन्छ कि भन्ने धमिलो सपना बोकेर दैनिक सयौं युवा युवतीहरू विदेशतर्फ पलायन हुनु परेको तितो यथार्थता छ । हेरौं एक टुक्रा गीत :

*हे अहिलेसम्म कसैको आँस थिएन*
*घरमा राम्रो गाँस थिएन, बाँस थिएन*
*रुदै विदेश बसेकी हुँ म*
*रहर होइन परदेशी हुनलाई बाध्यतामा फसेकी हुँ म*
=

*सात समुन्द्र तरेर आइयो, नत यहाँ भनेको काम पाइयो*

*परदेशीको मेरी सानु बेथा यस्तै छ*

*सोचे जस्तो भएन कहिल्यै नि, अभागीलाई जा गए नि त्यस्तै छ*

*(परदेशीको व्यथा)* ।

### ३.४.४ स्वदेश प्रेम

घनश्याम रिजालका कतिपय गीतमा स्वदेश प्रेमका ज्वलन्त भावना मुखरित भएका छन् । उनका गीतमा आफ्नो मातृभूमिप्रतिको प्रेम र अनुराग छचल्किएको पाइन्छ । घनश्याम रिजालले बाखा पालम्ला गीतका माध्यमबाट परदेश गएर धन कमाउने र सुखी बन्ने सपना बोकेका कैयौं बेरोजगार युवायुवतीलाई आफ्नै जन्मभूमिमा दश नङ्ग्रा खियाएर बस्न र बाँच आह्वान गरेका छन् :

*दैला मुनि अदुवालाई छरम्ला नि मकै*

*मैले लाका सुन्तला नि सरे होलान् पक्कै*

*धान रोपाउला गहुँ छरौंला गर्छु कृषि पेशा*

*जन्मभूमि, मातृभूमि प्यारो आफ्नै देश* (बाखा पालम्ला) ।

### ३.४.५ वियोगको चित्रण

घनश्याम रिजालका कतिपय गीतमा वियोग विरहका भाव प्रस्तुत भएका छन् । प्रेममा विछोड भई सहनु परेका वियोगका कथा र व्यथाहरू चोखो र साँचो पिरती गर्दागर्दै आफ्नी प्रेमिकाले अर्कैसँग विवाह गरी आफूलाई विछोडको वाणले हानी घाइते र पागल भएको वैराग्य र वियोगलाई रोदन प्रेमले यसरी पोखेको छ:

*माया छुट्यो भाग्यले छिनायो*

*तिमी हास्नी म रुनी दिन आयो*

*सबको पछि लाग्नी भा'छु म*

*आफ्नै मान्छे अर्कैलाई सुम्पेर*

*आज आफै माग्नी भा,छु म* *(सबको पछि लाग्ने भा'छु म)* ।

*हे भने कै हो भेट्ने दिन जुराऊ*

*भोलि-भोलि भनेर नकुराऊ*

*झर्झर आगो बल्दै हुनेछ*
*पहिलै भेट्न मानीनौ मायाले*
*भेट्दा यो ज्यान जल्दै हुनेछ*

(झर्झर आगो बल्दै हुनेछ) ।

आफ्नो श्रीमानसँग बिहे भएको लामो समय नहुँदै एक्लै बस्नुपरेको विछोडको पीडा यसरी पोखिएको छ :

*बस्नु पर्‍यो एक्लै रुदै, विहे गरेको तीन महिना नहुँदै*
*परदेशीको मेरो सानु वेथा यस्तै छ*
*सोचे जस्तो भएन कहिल्यै नि*
*अभागीलाई जा गए नि यस्तै-यस्तै छ* (परदेशीको व्यथा) ।

यसरी घनश्याम रिजालका गीतहरू विषयवस्तु र भावका दृष्टिले स्वाभाविक र मार्मिक छन् । नेपाली ग्रामीण जीवनको नियति र चरित्र समेटिएका छन् । उनका गीतका विषयवस्तु लोक जीवनले भोग्दै आएका यथार्थतासँग सम्बन्धित छन् । उल्लासका गीत होउन अथवा वियोग र विरहका सबै गीतमा ग्रामीण परिवेशको गन्ध भेटिन्छ । उनका गीतले नेपाल आमाको मुहारलाई सम्झी मातृभूमिप्रति सम्मान व्यक्त गर्न आह्वान गरेका छन् । नेपालको सामाजिक विपन्नताको यथार्थ चित्र लोक जीवनका विविध पक्षको प्रतिबिम्ब, जीवनका जटिलता र कठिन भोगाइ घनश्याम रिजालका गीतमा अभिव्यक्त भएका छन् । उनका गीतमा लोक जीवनका भावानुभूतिको सघनता भेटिन्छ ।

## ३.५ घनश्याम रिजालका गीतका विशेषता

घनश्याम रिजालका गीतमा लोक जीवनका मौलिक रङ्ग भेटिन्छन् । उनका गीतमा प्राकृतिक परिवेशको सुगन्ध पाइन्छ । त्यसैले घनश्याम रिजालका लोक, दोहोरी, तीजे, एकल, झ्याउरे, रत्यौली आदि सबै प्रकारका गीत, गीत सङ्गीतका पारखीका निम्ति सुमधुर र कर्णप्रिय लाग्छन् । ग्रामीण लवज र शैलीका शब्दलाई गीतमा उनेर घनश्याम रिजालले जनमानसका भावना र उकुसमुकुसलाई अभिव्यक्त गरी छताछुल्ल पोखेका छन् । गुण र तत्त्वका आधारमा उनले हालसम्म प्रकाशन गरेका गीतमा रहेका विशेषतालाई निम्नानुसार केलाउन सकिन्छ ।

### ३.५.१ सरलता

घनश्याम रिजालका गीत जटिल नभइकन सरल छन् । उनका गीतहरू जनजिब्रोका भाषामा सलल बग्न सक्छन्, सुटुक्क हृदयमा पुग्छन् र नबिर्सने छाप छोड्न सफल हुन्छन् :

*हे छुँदा पनि म तिम्रो हातमा*
*पुग्छु सानु वैंसको मातमा*

(केही त चिनो) ।

*हे माया गर्दै भन्थेऊ नि कालु*
*भयो अहिले त्यही माया नशालु*

(फुलफुलेसी झर्छ) ।

*सजिलो भो हाँसेर जाउ भन्न*
*रुदा पनि पाउदिन आउ भन्न* (सबको पछि लाग्नी भा'छु म) ।

*उर्लदो बैस चढ्दो छ जवानी*
*भन्दै छु तिम्लाई केही लाजै नमानी*

(अमिलो रसैले) ।

### ३.५.२ लयात्मकता

घनश्याम रिजालका गीत लयात्मक गुणले युक्त छन् । रिजालका गीतमा सरल र सहज शब्दावलीको लयात्मक प्रयोग भएको पाइन्छ । नेपाली लोक भाकामा सलल बगेका उनका गीतहरू लोक जीवनका सरल भाषाशैलीसँग नजिक रहेको अनुभव गर्न सकिन्छ ।

*रैछ तिम्रो दोधारे बानी*
*जाम-जाम भन्ने आँटेर नलानी* (मायालु घुम्न जाउ तनहुँ) ।

यसरी प्रत्येक चरणमा बौद्धिकता भन्दा हार्दिकता भेटिने भएकाले घनश्याम रिजालका गीत सुन्ने बित्तिकै मानिसका मनमा बस्छन् । सामान्य अपठित जनमनले सहजै बुझ्न, खुट्याउन र जिब्रोले टिप्न सक्ने सरलता र लयात्मकता उनका गीतमा भेटिने महत्त्वपूर्ण विशेषता हुन् ।

### ३.५.३ प्रश्नोत्तरात्मकता

घनश्याम रिजालका धेरौजसो गीतमा प्रश्नोत्तरात्मकता भेटिन्छ । दोहोरी शैलीका संवादात्मक गीतमा ख्यालठट्टा, हासोमज्जा गर्ने सन्दर्भमा सवालजवाफ वा प्रश्नोत्तर विधि अँगाली गीतको संरचना तयार गरिएको भेटिन्छ :

*छोराछोरी राम्रो ठाउँमा पठाउन नि पर्‍यो*
*आज भोलि गर्दागर्दै गाउँ नै बजार झर्‍यो*
*गाउँमै बसे हुन्थ्यो क्यारे भन्या मान्ने भए*
*हाम्ले भन्या के मान्थे र आफैँ जानी भए* (घर शून्य भो) ।

रिजालका गीतमा सोधिएका प्रश्नलाई गीतैको माध्यमबाट मिलाएर उत्तर दिने प्रश्नोत्तरात्मक शैली छन् । दोहोरी गीतको आनन्द नै घोचपेचका प्रश्नलाई त्यसै शैलीमा जवाफ दिँदा स्रोता दर्शकलाईसमेत आनन्द र मनोरञ्जन प्रदान गर्दछ:

प्रश्न

*हे पहिला जस्तो अचेल फोन आउँदैन,*
*मैलाई माया गर्छौऊ झैँ लाउँदैन*
*सधैं मलाई नढाट है हेर*
*साच्चै मैलाई सम्झे कै हौ भने फोन गर है दिनमा एक फेर ।*

उत्तर

*हे एक चोटी फोन आइदिए दिनमा,*
*यति साह्रै आत्तिने थिइन म* (फोन गर है दिनमा एक फेर) ।

यसरी यस्तो प्रकारको प्रश्नोत्तरपूर्ण शैलीका गीतहरू सरल र मिठासपूर्ण हुने मात्र नभएर मानसपटलमा रहेका भावनाको मार्मिक पक्षलाई उजागार गर्ने काम पनि गरिएको हुन्छ । आफ्नो मनपर्ने मायालुलाई केही भन्न नसकेको खण्डमा पनि गीतमार्फत् आफ्नो मनको बह पोख्ने काम गर्छन् ।

### ३.५.४ अनुप्रासमयता

घनश्याम रिजालले गाएका तथा सङ्कलन गरेका गीतहरूमा अन्त्य अनुप्रासको विशेषता भेटिन्छ । गीतको पहिलो पङ्क्ति र दोस्रो पङ्क्तिका अन्तिम शब्दमा अनुप्रास

मिलेको त छँदैछ, एउटै पङ्क्तिमा पनि बीच बीचमा अनुप्रास मिलेको पाइन्छ । यो उनका गीतमा भेटिने अर्को गुण हो ।

केटाः *हे भने कै हो भेट्ने दिन जुराऊ*
*भोलि-भोलि भनेर नकुराऊ*

केटीः *हे धेरै रहर धेरै हो भन्न मन*
*एक दिन भा'नि त्यो ज्यानको बन्न मन*

(भरभर आगो बल्दै हुनेछ) ।

केटाः *यसै खुशी भा'छु सानु माया लाए पछि*
*एउटा रहर पूरा हुन्छ तिम्लाइ पाए पछि*

केटीः *फूल हुनाले डाली राम्रो फूल सजाउन माली*
*यो मनले आज भोलि तिम्लाइ खोज्छ खाली*

(डाली रित्तै भो)

### ३.५.५ आख्यानात्मकता र आख्यानविहीनता

लोकगीतमा आख्यानात्मकताको अनिवार्यता नभए पनि कतिपय गीतमा सूक्ष्म आख्यानको प्रयोग भएको पाइन्छ । परदेश लागेका व्यक्तिका कथा, लाहुरेका लडाइँका कथाव्यथा, गरिबीका कारण भोग्नु परेका जीवनका नियति समेटिएका गीतमा भाग्य र भोगाइका वर्णनसँगै आख्यानको सूक्ष्म प्रयोग भएको पाइन्छ ।

घनश्याम रिजालको बाखा पालम्ला परदेशीको व्यथा शीर्षकका गीतहरू गठिलो आख्यानमा बाँधिएका छन् । यी दुवै गीत विभिन्न तीन ओटा घटनाक्रम जस्ता देखिन्छन् । परदेशीको व्यथा भित्र एउटा बेरोजगार युवा स्वदेशमा केही काम नपाएका कारण आफ्नो भाग्य र भविष्य खोज्दै परदेश गएको सन्दर्भ छ । बाखा पालम्ला शीर्षकको गीतमा परदेशमा श्रम गरेर आफ्नो रगत पसिना बगाउन भन्दा स्वदेशमा फर्केर आउँ आफ्नै देशमा पशुपंक्षी कृषि पेशा गरौला भन्ने सूक्ष्म आख्यान भेटिन्छ । घनश्याम रिजालका अन्य गीतमा आख्यान विहीनता रहेको पाइन्छ । माया प्रेमका क्षणिक उल्लास र उमङ्ग समेटिएका उनका गीतमा आख्यानविहीनता पाइन्छ । संरचनागत रूपमा हेर्दा उनका गीत चार टुक्कादेखि १० टुक्कासम्म संरचित रहेका छन् ।

### ३.५.६ जनजिब्रोमा प्रचलित शब्दको प्रधानता

घनश्याम रिजालका गीतमा भेटिने अर्को महत्त्वपूर्ण विशेषता भनेको लोकतत्त्वको प्रधानता हो । उनका गीतमा लोकभाषा, लोकभावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । ग्रामीण परिवेशमा भेटिने सानु, काले, माया, पुतली, बुढाबुढी, कान्छु, कान्छा, काली, सोल्टी, मैया, ढुकुर, दुलही, दुलाहा, बाबु, सूर्य, चन्द्रमा, सासु, भाइबैना, मायालु जस्ता पात्र उनका गीतमा प्रयोग भएका छन् । जनजिब्रोमा प्रयोग हुने सैइ (सँगै), लाम (लाऊँ), खाम (खाऊँ), हुनी (हुने), जानी (जाने), डुल्न (डुल्नु), क्यार्नी (के गर्ने), रहछ ( रहेछ), भा'छ (भएको छ), व्यथा (पीडा), कैइ (कहिँ), जा (जहाँ), मन्मा (मनमा), केइमानी - कहिमा पनि), तिम्रै (तिम्रो), लाउँछ (लाग्छ), वैंस (जवानी), नभैइ (नभए), दुकुरे (गए), पोतने (लिप्ने), तिम्ले (तिमीले), नलाउ (नलगाऊ), लाउछ (लगाउँछु) झुपडी (खरको छानो), कुलो (पानी आउने बाटो) जस्ता अनेकौ ठेट, झर्रा र लोक शब्दको प्रचुर प्रयोग उनका गीतमा पाइन्छन् । त्यसैगरी, रिजालका गीतमा घाँस, दाउरा, मेलापात तथा खेतबारी, कालीखोला, मर्स्याङ्दीको छल्को स्याङ्जा, तनहुँ जस्ता शब्दले उनका गीतलाई रङ्गीन बनाएका छन् । नेपाली जनजिब्रोमा भिजेका सर-सर, ठोक-ठोक, छल्को वरवर, बच्चो, छुच्चो, पालम्ला, गरम्ला, अमिलो, गुलियो, गाँसैमा, बाँसैमा जस्ता अनुकरणात्मक शब्दको प्रयोगले उनका गीतमा छुट्टै मिठास ल्याएका छन् ।

चौथो परिच्छेद

# उपसंहार

## ४.१ सारांश

घनश्याम रिजालका गीतमा रहेका लोक जीवनका बिम्ब र विशेषताहरूलाई चिरफार गर्दै यस अध्ययन पत्रलाई विभिन्न परिच्छेदका क्रम-उपक्रम विभाजन गरी अध्ययन र विश्लेषण गर्ने काम गरिएको छ। पहिलो परिच्छेदमा अध्ययन परिचय शीर्षक उल्लेख गरी लोकसाहित्यलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ भने क्रमानुसार अध्ययन शीर्षक, अध्ययन कार्यको प्रयोजन, समस्या कथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, क्षेत्र र सीमा, अध्ययन विधि र परिच्छेद विभाजन आदि गरेर विभिन्न शीर्षकलाई सङ्क्षिप्तमा चिनाइएको छ । यस अध्ययन पत्रको शीर्षक 'घनश्याम रिजालले गाएका गीतहरूको अध्ययन' रहेकोले यसमा निम्न समस्याहरू केन्द्रित रहेका छन्:

क) गायक घनश्याम रिजालको व्यक्तित्व के-कस्तो छ ?

ख) घनश्याम रिजालले के-कस्ता गीतहरू गाएका छन् ?

ग) घनश्याम रिजालले गाएका गीतका प्रकार, विषयवस्तु, भाव र विशेषता के-कस्ता छन् ?

यिनै समस्या समाधानका लागि घनश्याम रिजालको व्यक्तित्वको चिनारी दिनु, उनले गाएका गीतको सङ्कलन र अध्ययन गर्नु, गायकले गाएका गीतको वर्गीकरण गर्दै विषयवस्तु र भावको विश्लेषण गर्नु, रिजालका गीतका विशेषता माथि प्रकाश पार्नु जस्ता उद्देश्य लिइएको छ।

दोस्रो परिच्छेदलाई गीतको सैद्धान्तिक चिनारी, नामकरण गरी लोकसाहित्यको सामान्य चिनारी, लोकसाहित्यका विधा, लोकगीतको चिनारी, लोकगीतको परिभाषा, लोकगीतका प्रमुख तत्त्वहरू सन्दर्भ, विषयवस्तु र भाव भाषा, स्थायी अन्तरा र थेगो लय, शैली आदिको सामान्य चिनारी गराउँदै त्यस परिच्छेदभित्र रहेका बुँदाका निष्कर्षसमेत दिइएको छ। लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । लोकगीतमा लोक जीवनका दुःख-सुख, आँसु-हासो, आशा, निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यताको अभिव्यक्ति नै लोकगीत हो । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ । लोकगीतमा मानव हृदयमा रहेको प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति हुन्छ।

लोकगीतका प्रमुख तत्त्वहरू सन्दर्भ, विषयवस्तु र भाव, भाषा, स्थायी अन्तरा र थेगो, लय र शैली हुन् । लोकगीत विभिन्न सन्दर्भमा गाइन्छ । उदाहरणका लागि असारे गीतको सन्दर्भ, असार महिनाको खेत रोपाइको सन्दर्भ हुनुपर्दछ । यसका प्राकृतिक वातावरणमा हलो जोतेको बाउसेले कोदालो खनेको, खेताला र बियाडेले धान रोपेको सन्दर्भ बढी ओजपूर्ण रहेको हुन्छ । विषयवस्तु र भाव पनि लोकगीतको अर्को तत्त्व हो । जस्तैः उदाहरणका लागि सालैजो, झ्याउरे, यानिमयाँ, सुनिमया कौरा, गीत प्रेम विषयका हुन्छ भने भजन, कीर्तन आरती धार्मिक विषयका हुन्छन् । लोकगीतको अर्को तत्त्व भाषा हो । भाषा पनि लोक मानसले बुझ्न सक्ने सरल र कलात्मक हुनुपर्दछ । त्यस्तै लोकगीतको अर्को तत्त्व स्थायी, अन्तरा र थेगो हो । लोकगीतमा पटक-पटक दोहोरिने स्थायी हो भने स्थायीलाई छेकेर गाइने लोकगीतको पङ्क्ति समूह अन्तरा हो र लोकगीतमा दोहोरिने निरर्थक वाक्यांश थेगो हो । लय पनि लोकगीतको महत्त्वपूर्ण तत्त्व अन्तर्गत पर्दछ । लोकगीतमा हुने स्वर आरोह अवरोहलाई लोकलय भनिन्छ जसले लोक मानसलाई आकर्षित गर्दछ । त्यसैगरी शैली पनि लोकगीतको अर्को तत्त्व अन्तर्गत पर्दछ । शैली भन्नाले तरिका, ढाँचा, परिपाटी भन्ने बुझिन्छ । यो सरल, आलङ्कारिक, वर्णनात्मक, आत्मपरक संवादात्मक हुन्छ । हालसालै प्रचलनमा आएका दोहोरी गीतहरू आलङ्कारिक शैली बढी प्रचलनमा आएको पाइन्छ ।

त्यसैगरी, तेस्रो परिच्छेदमा घनश्याम रिजालको सङ्क्षिप्त जीवनी, शिक्षा तथा पेसा, गायनमा संलग्नता र सक्रियता, गायकले गाएका गीतको अध्ययन, वर्गीकरण विषयवस्तु र भाव, विशेषताहरूका साथसाथै गायकले प्राप्त गरेका पुरस्कार, सम्मानहरू र प्रकाशित एल्बमका गीतहरू समावेश गरिएको छ । स्याङ्जा जिल्ला, स्लादी गा.वि.स वडा नं. ७ हालको वालिङ्ग नगरपालिका ४ केराबारीमा जन्मेका घनश्याम रिजालले २०६४ सालदेखि २०७४ सालसम्मको कालखण्डमा उनले विभिन्न लोकदोहोरी गीत प्रतियोगितामा भाग लिई पुरस्कृतसमेत भएका छन् । पहिलो एल्बमको रूपमा २०६४ सालमा 'मनमुटुमा तस्वीर केरेर' नामक एल्बम प्रकाशित गरेका घनश्याम रिजालले हालसम्म ९ ओटा श्रव्यदृश्य क्यासेट तथा भिसिडी एल्बम बजारमा ल्याएका छन् । त्यसैगरी, २०६६ सालमा 'भर्भर आगो बल्दै हुनेछ' गीति एल्बमले रिजाललाई चर्चाको शिखरमा पुऱ्याएको पाइन्छ । २०६७ सालमा फोन गर है दिनमा एक फेर गीति एल्बम बजारमा ल्याएको देखिन्छ । २०६९ सालमा 'सबको पछि लाग्नी भा'छु म' एकल गीति एल्बम र 'भन्देउन माया' दुई वटा एल्बमहरू

प्रकाशित गरेको पाइन्छ । २०७० सालमा उनको 'केही त चिनो', 'आउन पाइन घर यो दसैंमा', 'फूल फूलेसी झर्छ', 'क्यार्नी हो वाइ पुतली' शीर्षकको चार ओटा दोहोरी र तीजका गीत प्रकाशित गरेका छन् । २०७१ सालमा 'घर शून्य भो' सरसर गीति एल्बम प्रकाशित गरेका हुन् । घर शून्य भो गीतलाई स्रोता र दर्शकहरूले अत्याधिक मन पराएको गीत हो । 'को कस्तो नाच्छ हेरम्ला' र 'फोटो हेरेनी' यसै सालका तीज गीत र दोहोरी गीत हुन् । २०७२ सालमा 'बाखा पालम्ला' गीति एल्बम बजारमा ल्याएका रिजालका २०७३ सालमा 'मर्स्याङ्दी नदीको छल्को' 'मायालु घुम्न जाउँ तनहुँ', 'अमिलो रसैले', 'दाइ गयो म जान पाइन', 'माया कै पिरमा छु' र 'डालीमा बसेको चरी गीतहरू प्रकाशित भएका छन् ।

घनश्याम रिजालले प्रकाशन गरेका गीतमा विभिन्न विशेषता पाइन्छन् । उनका गीतमा सरलता र लयात्मकता छ । उनका गीत अलङ्कारविहीन, नैसर्गिक, कृत्रिमताविहीन गुणले युक्त छन् । उनका गीतमा प्रश्नोत्तरात्मकता, अन्त्यानुप्रास, आख्यानात्मकता, आख्यानविहीनता र लोकतत्त्वको प्रधानता पाइन्छ । उनका गीतमा लोक भाषा, लोक भावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । ग्रामीण परिवेशमा भेटिने माया, पुतली, काले, सानु, मैंया जस्ता पात्रहरू उनका गीतमा प्रयोग भएका छन् । घनश्याम रिजालले बेरोजगारको साङ्लोमा बाँधिएका नेपाली युवाहरू आफ्नो भाग्य र भविष्य खोज्दै वैदेशिक रोजगारमा होमिनु परेको र परदेशमा दुर्दशापूर्ण जीवन भोग्नु परेको वर्तमानको तितो यथार्थतालाई आफ्ना गीतका माध्यमबाट व्यक्त गरेका छन् ।

उनका गीतमा विदेशिएको श्रीमान् फर्कने आशामा उसको तस्वीर हेर्दै पति मिलनको धमिलो पर्खाइमा बाँच्न विवश नारीको मनोदशा उल्लेख गरिएको छ । एक मुठी खानका लागि ऋण गर्नु पर्ने र त्यसका लागि साहुको चर्को व्याजको भारी बोक्नु पर्ने ग्रामीण समुदायको नियतिलाई उनका गीतले उछिनेका छन् । उनका गीतले सम्पूर्ण युवालाई जन्मभूमिको सम्मान गर्न र स्वदेश मै दश नङ्ग्रा खियाएर बस्न र बाँच्न आह्वान गरेका छन् ।

घनश्याम रिजालका दोहोरी गीत, तीज गीत, एकल भाकाका गीत, झ्याउरे गीत र रत्यौली गीत जस्ता विविध प्रकारका गीत कृत्रिम सजावट भन्दा सहज र लयात्मक गुणले युक्त छन् । अत्यन्त सरल र सहज शब्दावलीको प्रयोग गरी लोक भाकाका सलल बगेका उनका गीतहरू अत्यन्त मिठासपूर्ण र कर्णप्रिय छन् । दोहोरी शैलीका संवादात्मक ख्यालठट्टा, हासो मज्जा र प्रश्नोत्तरात्मकता जस्ता गुणले युक्त उनका गीतले जुनसुकै श्रोता दर्शकलाई

मनोरञ्जन गराउन सक्ने सामर्थ्य बोकेका छन् । प्रत्येक पङ्क्तिको बीचमा वा अन्त्यमा अनुप्रास मिलाइएको हुनाले रिजालका गीतले मधुरता, लयात्मकता र कलात्मकता पस्केका छन् । गीतमै आख्यान र सूक्ष्म आख्यानको प्रयोग भएको पाइन्छ ।

रिजाल एक सिर्जनशील साधक भएका कारण उनका गीतमा केही गुण छन् । ती गुण हुँदाहुँदै पनि उनको गीत लेखन र गायनमा केही दोष पनि रहेका छन् । आगामी दिनमा उनले ती दोषलाई मेटाउँदै लैजान आवश्यक छ । उनले रत्यौली, याउरे र गीते गीत भनेर गाएका गीतमा हिजो हाम्रा, आमा, दिदीबहिनी, भाउजु बुहारीले गाउने जस्ता रत्यौलीका गीत, भेषभुषा र परिवेश उनका गीतमा पाइँदैन । त्यसले गर्दा हिजोको हाम्रो पुरानो लोक संस्कृतिको अवसान हुने हो कि भन्ने चिन्ता उनका गीतले निम्त्याएका छन् । पछिल्लो समय जसरी दिदीबहिनीको पर्व तीजलाई महङ्गा रेष्टुरामा हुस्की र ब्रण्डीसँग कैद गरिएको छ त्यसै गरेर हाम्रा मौलिक लोकगीतलाई आधुनिक जमानाका देख्दा राम्रा लाग्ने तर दीर्घरूपमा विभिन्न रोग भित्र्याउने कस्मेटिक सामग्रीको जलपले झैं मौलिक संस्कृतिलाई लेप लगाएको पाउन सकिन्छ । यसमा उनी समयमै सचेत हुन आवश्यक छ । किनकि प्रस्तुत अध्ययन पत्रका लागि छनौट गरिएका उनका झण्डै तीन दर्जन गीतको अध्ययन गर्दा उनले राष्ट्र, राष्ट्रियता र आम जनमानसको संसार केही नियाल्ने प्रयत्न गरे तापनि त्यो भन्दा दुई गुणा ज्यादा गीत जवानी र दुई विपरितलिङ्गी बीचको माया पिरतीको संसारमा भुलेर रुमलिइरहेको आँकलन गर्न सकिन्छ । यसर्थ उनी यो विषयमा समयमै सचेत हुन आवश्यक देखिन्छ ।

## ४.२ निष्कर्ष

वर्तमान नेपाली लोकगीत सङ्गीतका फाँटमा आफ्नो उपस्थिति जनाएका घनश्याम रिजाल कुशल गायक र गीत सङ्कलक हुन् । करिब एक दर्जन गीति एल्बम प्रकाशन गरी सकेका गायक घनश्याम रिजाल वर्तमानमा पनि गीत सङ्गीतमा उत्तिकै क्रियाशील कला साधक हुन् । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएर पनि उनी आफ्नै प्रतिभा र साधनाका कारण लोक सङ्गीतका क्षेत्रमा अलग्गै पहिचान स्थापना गर्न सफल कलाकर्मी हुन् । बाल्यावस्थादेखि नै गीत गुन्गुनाउँदै हिँड्ने गायक घनश्याम रिजालले समय क्रमसँगै विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका दोहोरी गीत प्रतियोगितामा आफ्नो प्रतिभा देखाई सकेका छन् । अग्रज कलाकारबाट पाएको प्रेरणा र आफूमा अन्तरनिहित प्रतिभाका कारण

उनी छोटो अवधिमै विविध भाव र विषयवस्तु बोकेका गीत गायन र सङ्कलनमा सफल भएका छन् ।

स्पष्टवक्ता, अनुशासित, मिलनसार र भद्र स्वभावका गायक घनश्याम रिजालले गाएका र सङ्कलन गरेका गीतमा नेपाली जनजीवन र माटोको सुगन्ध भेटिन्छ । उनका गीतमा युवायुवतीका मायाप्रेम, छोरीचेलीका कुण्ठा र वेदना, ग्रामीण जनजीवनको विपन्न आर्थिक अवस्था, मानवीय जीवन र सङ्घर्षका कथाव्यथा तथा मानव मनका उज्याला अँध्यारा पाटा अभिव्यक्त भएका छन् । उनले आफ्ना गीतका माध्यमबाट वर्ष दिनमा आउने तीजमा माइत जाने र मिठो खाने कल्पनामा रमाउँदै घाँसका त्यान्द्रामा दिन गन्ने ग्रामीण चेलीबेटीमा भेटिने घनश्याम रिजालका गीतले जनजीवनको यथार्थता र कथाव्यथा प्रस्तुत गरेका छन् । ग्रामीण जीवन र परिवेशको यथार्थ प्रतिबिम्ब र चित्र उनका गीतमा पर्याप्त प्रयोग पाइन्छ । नेपाली जनजिब्रोमा भिजेका र लोक जीवनमा प्रचलित शब्दको प्रचुर प्रयोगले घनश्याम रिजालका गीतमा नेपाली लोक जीवनको सौन्दर्य भेटिन्छ । उनका गीतमा लोकभाषा, लोक भावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । जसले गर्दा उनका गीतको श्रवणबाट लोक जीवनले आफ्नै अन्तर मनका अनुभूति र भावना छचल्किएको वा पोखिएको अनुभव गर्न पाउँदछ ।

## ४.३ सुझाव

नेपालीका सांस्कृतिक सम्पदा, मौलिक पहिचान र गरिमामय अस्तित्व बोकेका गीतहरूको संरक्षण गर्नु वर्तमानको आवश्यकता हो । यस्तै भावी पुस्ताका निम्ति सुरक्षित राख्नु र लोकगीतको भण्डार अभिवृद्धिमा क्रियाशील कलाकर्मीको यथोचित सम्मान गर्नु हाम्रो दायित्व हो ।

गण्डकी अञ्चल र यसको सेरोफेरोका लोकगीत र भाकाहरूको सङ्कलन र गायनमा सक्रिय घनश्याम रिजालजस्ता कलाकारले देशका अन्य क्षेत्रमा प्रचलित गीतहरूको सङ्कलन र गायनमासमेत क्रियाशील हुन सके राष्ट्रको सांस्कृतिक एकता अझ बलियो हुने थियो भन्ने अपेक्षा गर्न सकिन्छ । त्यसैगरी, घनश्याम रिजालका गीतमा अधिक शृङ्गारिक माया प्रेमका कुरा मात्र व्यक्त गरिएका छन् ।

प्रेम साश्वत सत्य भएकाले उनका गीतमा त्यो विषय आवश्यकता भन्दा बढी भयो कि भन्ने आकलन गर्न सकिन्छ । सोहीकारण रिजालले गाएका र सङ्कलन गरेका गीतको थप अध्ययन वा अनुसन्धानका निम्ति देहाय बमोजिमका शीर्षक उपयुक्त हुने देखिन्छन् ।

क) घनश्याम रिजालका गीतमा काव्यात्मकता,

ख) घनश्याम रिजालका गीतमा अलङ्कार विधान,

ग) घनश्याम रिजालका गीतमा प्रकृति चित्रण,

घ) घनश्याम रिजालका गीतमा समाजको चित्रण

ङ) घनश्याम रिजालले गएका शृङ्गारिक गीतको अध्ययन ।

# सन्दर्भ सूची


क्षत्री, गमबहादुर (२०६८), **नेपाली लोकगीतको विकासमा नारायण रायमाझीको योगदान** स्नातकोत्तर शोधपत्र, अप्रकाशित, नेपाली विभाग, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा ।

गिरी, जीवेन्द्रदेव र अन्य (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), **नेपाली लोक संस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, शोभा (२०६९) **थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** स्नातकोत्तर शोधपत्र अप्रकाशित, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा ।

थापा, दुर्गाबहादुर गोदार (२०७०), **चोलेन्द्र पौडेलले गाएका गीतको अध्ययन**, स्नातकोत्तर शोधपत्र अप्रकाशित, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०६०), **धवलागिरी अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन** (लघु अनुसन्धान), काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

..................(२०६६), **पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन** (शोधप्रबन्ध), काठमाडौं : त्रिभुवन विश्वविद्यालय काठमाडौं ।

पन्त, कालिभक्त (२०२८), **हाम्रो लोक सांस्कृतिक इतिहास**, स्याङ्जा : लेखक स्वयम्

पराजुली, कृष्णप्रसाद (२०३९), **नेपाली लोकगीत,** काठमाडौं : वीणा रत्न पुस्तक भण्डार ।

......................... (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय

प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्र प्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : पुस्तक भण्डार काठमाडौं ।

श्रेष्ठ, आनन्द सुन्दर (२०६१), **हरिदेवी कोइरालाले गाएका गीतको अध्ययन,** (स्नातकोत्तर शोधपत्र, अप्रकाशित), नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा ।

सुनाम, सविना (२०६९), **पद्मराज ढकालले गाएका गीतहरूको अध्ययन,** स्नातकोत्तर अध्ययन पत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

परिशिष्ट : क

# घनश्याम रिजालले गाएका र सङ्कलन गरेका गीतहरू

**एल्बम : तस्वीर केरेर (२०६४)**

**स्वर : राजु परियार, घनश्याम रिजाल र विष्णु माझी शब्द : घनश्याम रिजाल**

केटाः आउ झैँ लाग्छ (मायाको गाउँ मै)[२]
बसिराखु झैँ हुन्छ छेउछाउ मै ।
तिम्रै माया मन्मा ढिक्का छ
लाली पाउडर गाजलु र निधारमै टीका छ
मलाई त्यही रूप हेर्दै ठिक्क छ ।

केटीः मलाई पनि (त्यस्तै नै हुन्छ)[२]
एकै छिन नदेख्दा मन रुन्छ
मनमुटुमा तस्वीर केरेर
दिनरात काटेकी छु तिम्रै मुख हेरेर
नजाउ अन्त त्यो मन फेरेर ।

केटाः जति सम्झ्यो (उति नै बढ्ने)[२]
मन्मा माया छ कहिल्यै नघट्ने

केटीः यस्तै रैछ (मायाको रोग)[२]
भेट हुँदा नि बिर्सन्छु सबथोक

केटाः भेट हुँदा (सक्दिन बोल्न)[२]
छुट्टियो कि थाल्छ मन पोल्न

केटीः सम्झनाले (पोल्छ यो अति)[२]
मौनता मै अल्झियो पिरती

केटाः त्यही रूपमा (अल्भ्याछ मन)[२]

तिम्रै नाममा सुम्पिए जीवन

केटी: दायाँबायाँ (तिम्रै छ चित्र)२
सीमा छैन खुशीको दिलभित्र

केटा: नखाए नि (हुन्छ नि खाए झैं)२
लाग्छ मलाई संसारै पाए झैं

केटी: तिमी मेरो (आँखाको नानी हौ)२
कहिले फेरि प्यास लाग्दा पानी हौ

केटा: सपनीमा (तिम्रै साथ पाउछु)२
सानू-सानू भनेर बोलाउँछु

केटी: केही मेसो नि (पाउदिन मैले त)२
बर्बराउँदै उठ्छु रे कहिले त

केटा: दिनरात (झझल्को आउनी)२
बनायौ नि एकोहोरो टोलाउनी

केटी: तिम्लाइ पाउँदा(एकोहोरो धुन भो)२
हुन हो कि सम्झेर रुन हो

केटा: यो दिल भित्र (बाँस गर सानु)२
मनको ओछ्यान मुटुको सिरानी

केटी: आँस मलाई (तिम्रै साथ पाउनी)२
मनमुटुमा बसेर रमाउनी

केटा: मायाको मूल (नजाओस् सुकी)२
बस सधैं बनेर ढुकढुकी

केटी: बसौ अब (मन मुटु साटी) २
सुखदुःख सङ्गसङ्गै दिन काटी

❖❖❖

**एल्बम : तस्वीर केरेर (साइड बी)**

**स्वरः घनश्याम रिजाल र शर्मीला गुरुङ                    शब्द सङ्कलन : घनश्याम रिजाल**

केटाः  हे सम्झी रुन्छु म तेसै तेसै
आयो बाढी बगायो एक मेसै
क्यारी तरौं वर्खे भेलैमा
फूलमा मौरी भुले झैं भुलेनी पिरतीको झुटो खेलैमा

केटीः  मेरो पनि रोको छ मन
हावा सरी उड्यो नि सपना

केटाः  सम्झदा नि पोल्छ यो छाती
दैव पनि खनियो मै माथि

केटीः  छुट्यो साथ मन भा'छ खिन्न
भावि लेखा मेटेर मेटिन्न

केटाः  भैन आज जीवन कै भर
जता जान्छु खाइरहन्छु ठक्कर

केटीः  कर्म उस्तै के गर्छौ तनी
तिमी जस्तै दुःखी छु म पनि

केटाः  म उस्तै कि कर्म नै दोषी हो
खान ला'को भाग पनि खोसियो

केटीः  तिमी उस्तै म पनि उस्तै
बाँच्नु पऱ्यो आँसुको मूल पुच्दै

केटाः  छैन अब बाँच्ने आशै

क्यारम सानु खसेनी आकाशै

केटीः तिम्ले हाम्ले छुट्कारा पाउन
सकिदैन दैवलाई पन्छाउन

केटाः यस्तै हो कि दुःखीको कर्म
विछोड मात्रै रैछ कि निधारमा

केटीः दिलमा भारी भाको छ चोटको
रैछ संसार मिलन र विछोडको

केटाः कहिल्यै शान्ति छाउँदैन मन्मा
अझै के-के हुनी हो जीवनमा

केटीः मनको चोटले आँसु त झर्ला नि
पीर नगर परेको टर्ला नि

केटाः लेख्या रैछ कर्ममै रुनी
मन दुखाउनी आँसुले मुख धुनी

केटीः यस्तै रैछ मायाको जाल
नरोउ-नरोउ दुखी मन सम्हाल

केटाः मायाको जाल बल्लै यो चिने
मिलन पछि विछोडमा टुङ्गिने

केटीः नलेउ चिन्ता विछोड भो भनी
आउला फेरि मिलनको दिन पनि

केटाकेटीः माया जालले बनायो दिक्कै
जिन्दगी नि बित्ने भो यतिकै
क्यारी तरौ वर्खे भेलैमा, वर्खे भेलैमा हो
फूलमा मौरी भुले झैँ भुलेनी पिरतीको झुटो खेलैमा

❖❖❖

**एल्बम : भर्भर आगो बल्दै हुनेछ** (२०६७)

**स्वरः रामजी खाँण र मुना थापा मगर** **शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः हे... भने कै हो भेट्ने दिन जुराऊ
भोलि-भोलि भनेर नकुराऊ
भर्भर आगो बल्दै हुनेछ
पहिलै भेट्न मानिनौ मायाले
भेट्दा यो ज्यान जल्दै हुनेछ ।

केटीः सधैँ मलाई भेट्न आऊ-आऊ भन्छेऊ
भेट्न आउँदा भ्याइन म जाऊ भनेऊ
भर्भर आगो बल्दै हुनेछ
पहिलै भेट्न मानेनौ मायाले
भेट्दा यो ज्यान जल्दै हुनेछ ।

केटाः हे... सधै कुर्थे तिम्रो घर डहरमा
तिमीसँग भेट हुने रहरमा
भर्भर आगो बल्दै हुनेछ .............

केटीः हे... धेरै रहर धेरै हो भन्न मन
एक दिन भा नि त्यो ज्यानको बन्न मन
भर्भर आगो बल्दै हुनेछ .............

केटाः हे... बित्यो दिन मूलबाटो कुर्दै
मर्ने भइयो भेट्ने दिन नजुर्दै

भर्भर आगो बल्दै हुनेछ .............

केटीः हे ..... मेरो लासमा डढेलो लाउने दिन
कहिले होला भेट हुन आउने दिन
भर्भर आगो बल्दै हुनेछ .............
केटाः हे .... आज सिउँदो अर्कैले भरायो
अब भेट्ने आँश पनि हरायो
भर्भर आगो बल्दै हुनेछ .............

केटीः हे..... तिम्रै पर्खाइथ्यो मलाई आजसँ
बिहान दिउँसो गोधूली साँझ तँ
भर्भर आगो बल्दै हुनेछ
पहिलै भेट्न मानेनौ मायाले
भेट्दा यो ज्यान जल्दै हुनेछ

❖❖❖

**एल्बम : मर्स्याङदी र मादी (२०६७)**

**स्वरः घनश्याम रिजाल, रामजी खाँण र मुना थापा मगर**

**शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः मस्याङदीमा मिसियो मादी आई
उडाउला झैँ भो जोवान आँधी आई
मिसिए झैँ (मर्स्याङ्दी र मादी)
जोवान साटम ए मायालु तिम्रो मेरो माया आदि-आदि ।

केटीः मर्स्याङ्दी भेल ठोकियो बाँधमा आई
यता जोवन रोकियो साँधमा आई
मिसिए झैँ (मर्स्याङ्दी र मादी)
जोवान साटम ए मायालु तिम्रो मेरो माया आदि-आदि ।

केटाः तिम्लाई भेट्दा खुशी छ मन धेरै
मनमा रहर बढ्दैछन् भुल धेरै

केटीः हे बढ्यो उमेर उन्नाइस र बीस भयो
सबलाई मेरै जोवानको रिस भयो

केटाः हे यो कतै दिएको ठाम छैन
यहाँ यसै बसेर काम छैन

केटीः हे तिम्रो त्यो मन भाग लाउन नपाउँदै

यो जोवानमा दाग लाउन नपाउँदै

केटाः हे साटम जोवन नभनी भोलि
मिसिए झै दोभानमा दुई खोली
केटीः कस्तो होला जीवनमा हर्ष
हुँदा दुईटा जोवानको स्पर्श

केटाः हे आउँदा माया जोखाइको घडी
मेरै माया हुने छ केही बढी

केटीः मेरो माया कम हुन्न सयमा
साँच्चै मैले सोचे झै भएमा

केटाः कुरा बुझे के भन्छन् घरकाले
तिम्लाई माग्न नआउँदै अर्काले

केटीः घरमा भन्छन् बढेकी छोरी छ
आइ.ए, बी.ए पढेकी छोरी छ

केटाः घरमा तिम्लाई कर कापको दिन आए
मेरै मान्छे छ भनी चिनाए

केटीः पछि नहोस् मायामा सास्ती
ऐले छैन त्यो ज्यानलाई नाइ नास्ती
मिसिए झैं (मर्स्याङ्दी र मादी)
जोवान साटम ए मायालु तिम्रो मेरो माया आदि-आदि ।

❖❖❖

**एल्बमः फोन गर है दिनमा एक फेर (२०६७)**

**स्वरः रामजी खाँण र मुना थापा मगर शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः हे... मिसकल आको तीन चार दिन पहिल्यै हो
अझै भन्छेऊ सम्झने मैले हो
सधैँ मलाई नढाँट है हेर
साँच्चै मैलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर

केटीः हे... भा'छ तिम्लाई विर्सन पाए
मैले मिसकल गरेर सम्झाए
सधैँ मलाई नढाँट है हेर
साँच्चै मैलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर

केटाः हे...पहिला जस्तो अचेल फोन आउँदैन
मैलाई माया गर्छेऊ झैँ लाउँदैन
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...एक चोटी फोन आइदिए दिनमा
यति साह्रै आतिने तिइन म
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...कहिले कोसँग गफ गरी रा'छेउनी
कहिले मोबाइल अफ गरी रा'छेउनी
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...तिम्ले शंका गर्छौ भैँ लाथ्यो
साउदीबाट ठूल्दाइको फोन आँथ्यो
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...शंका लाछ कहीँ माया सारीछेऊ
आजकल मलाई केही कुरा ढाटिछेऊ
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...घोच कति वतनले घोच्ने हो
आफू जस्तो त्यस्तै त सोच्ने हो
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...थिए म त मायालु पनाको
तिम्ले नै हो संकालु बनाको
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...जस्तो थिए त्यस्तै छु म त
मलाई भन्छौ आफूलाई सम्भ त
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...आजकल तिम्रो बोलि चर्को छ
मुखमा एउटा व्यवहारमा अर्को छ
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...पहिला भाथ्यो यही माया खोसाखोस
अहिले गर्छौं मयााकै दोसादोस
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...भेट हुँदा आफ्नै झैँ ठान्ने
छुटे पछि सम्झन नजान्ने
सधैँ मलाई नढाँट है हेर..................

केटीः हे...कस्तो दिनमा भेटिए कस्तासँ
तिम्ले आफ्नो ठान्नी हौ बस्दासँ
सधैँ मलाई नढाँट है हेर..................

केटाः हे...साच्चै मलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर

केटीः हे... हे...साच्चै मलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर

केटाः हे... हे...साच्चै मलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर

केटीः हे... हे...साच्चै मलाई सम्झे कै हौ भने
फोन गर है दिनमा एक फेर ।

❖❖❖

**एल्बमः कोइली गाउँछ (२०६८)** **शीर्षकः कुहुकुहु वनैमा**

**स्वरः ज्योति लोहनी र राजु गुरुङ** **शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः कुहुकुह कोइलीको भाकाले
तिम्लाई खोज्दै आत्तिन्छ आँखाले
कोइलीले गाउँछ
कुहुकुहु वनैमा कोइलीले गाउँछ
तिम्रै झल्को आउँछ
बरु आफ्नै लाउँदैन तिम्रो माया लाउँछ ।

केटीः के बुझ्छ र तडपेको मन
खोज्छु भन्छ अतितलाई बिर्सन
कोइलीले गाउँछ
कुहुकुहु वनैमा कोइलीले गाउँछ
तिम्रै झल्को आउँछ
बरु आफ्नै लाउदैन तिम्रो माया लाउँछ ।

केटाः खुशी हुँदा हँसिलो परामा
रुदा सधैँ आँसुका धारामा
कोइलीले गाउँछ.....................

केटीः कोसँग रुम विरही बनेर
मेरो माया कता छ भनेर
कोइलीले गाउँछ.....................

केटाः कोइली गाउँदा विरही गीत

लाग्छ मलाई यतै कही छ की त
कोइलीले गाउँछ.....................

केटीः माया रहिछ यो संसार चलाउने
तिम्रै पीर भो आफ्नो पीर नलाउने
कोइलीले गाउँछ.....................❖❖❖

**एल्बमः सबको पछि लाग्ने भा'छु म** (२०६९)

**स्वर/शब्द : घनश्याम रिजाल**

केटाः हा.... पक्कै तिम्लाई मेरो याद आको छ
यता मलाई पछुतो लाको छ
सबको पछि लाग्ने भा'छु म
आफ्नै मान्छे अर्कैलाई सुम्पेर
आज आफैँ माग्नी भा'छु म

केटाः हा..... सजिलो भो हाँसेर जाउँ भन्न
रुदाँ पनि पाउँदिन आउ भन्न
सबको पछि लाग्ने भा'छु म.................।

केटाः माया छुट्यो भाग्यले छिनायो
तिमी हाँस्नी म रुनि दिन आयो
सबको पछि लाग्ने भा'छु म.................।

केटाः आज तिमी हुदाँनी पराइ
मर है भन्छ यो मनले नडराइ
स सबको पछि लाग्ने भा'छु म.................।

❖❖❖

**एल्बमः आउँदैन र झल्को (२०६९)**

**स्वरः शङ्कर विरही गुरुङ र मुना थापा मगर शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः हा. हे सानु तिमीले गरेका क्यै कुरा
मलाई नि मन परेका त्यै कुरा
आउँदैन र झल्को
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल ।

केटीः हा हे सम्झ तिमीले के थियो भनेको
मर्न सम्म म तयार बनेको
आउँदैन र झल्को
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल ।

केटाः हा हे जाँ गए नि जान्थ्यौ नि सँगै
एक्लै कतै जान्थिनौ मै नभई
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटीः हा हे जान्थ्यौ स्कुल साथीभाइ छोडेर
बोल्थेँ तिमीलाई मेरो नाम जोडेर
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटाः हा हे हिँड्दा सँगै बाटामा दाइ र म

हेर्छु भन्थ्यौ निस्केर बाहिर म
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटीः हा हे बिहान दिउँसो भेट हुन्थ्यो साँझ नि
त्यै सम्झना ताजै छ आज नि
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल
केटाः हा हे तिमी कहाँ छौ आज म कता छु
त्यै मायाको कहानी बताछु
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटीः हा हे कस्ता थिए कस्ता दिन आए
क्यै रहेन सम्झना सिवाय
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटाः हा हे सधै खेल्ने मजुवा चौर हो
सम्झे रुन्थ्यौ बिर्सेकी छौ र हो
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटीः हा हे आज सानु त्यस्ता दिन रहेन
सम्झेर नि सम्झे झै भएन
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटाः हा हे तिम्रो चिनो पछ्यौरी त्यातियो,
अब सायद सम्झना त्यति हो
आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

केटीः हा हे पहिला रुवाउँथ्यो विरहको गीतले
अहिले रुवाउँछ त्यै मिठो अतीतले

आउँदैन र झल्को, चिनो भनी साटेको पछ्यौरी मलमल

❖❖❖

**एल्बमः भन्देउन माया (२०६९)**

**स्वरः घनश्याम रिजाल र सुष्मा लोहनी** **शब्द सङ्कलनः घनश्याम रिजाल**

हु हु हु हु ल ल ल ल

केटाः होइइ कोइले भन्छन् कति राम्रो कोइले भन्छन् कालो
साथीभाइले बुढी भन्दा रहर लाग्न थाल्यो
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले
भेट हुँदा खेरी बोलाउन मैया आँखा जुध्न थाले ।

केटीः ओइइ साथी सँगी तिजमा आउँछन् छोरो खेलाएर
मेरो भने जाने बैस सेलाएर
होइइ नभने पनि मैले नि तिम्लाई मन पराउँछु काले
भेट हुँदा खेरी बोलन कान्छा आँखा जुध्न थाले

केटाः होइइ आधा उमेर गयो हेर धेरै बसी-बसी
मनमा खुसी लाउन थाल्यो तिम्लाई देखे पछि
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

केटीः ओइइ अझै कस्तो हुन्थ्यो होला हाम्ले माया लाउँदा
म पनि नि त खुशी छु नि तिम्लाई भेट्न पाउँदा
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

हु हु हु हु ल ल ल ल

केटाः  होइइ मैले तिम्लाई मनपराउँछु तिम्ले क्यारछेउ कुन्नि
अहिलेसम्म कोही भएन मनको कुरा सुन्ने
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

केटीः  ओइइ यसै माया गाँसो भने छुट्छ भन्ने डर छ
घरमा भन्दछन् छोरी अब बिहे गर्नपर्छ
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

केटाः  होइइ एक्लै-एक्लै हिड्दा-हिड्दै थाकी सके म त
तिमी पनि एक्लै भए घरबार जोडम न त
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

केटीः  ओइइ मन त पर्छ तिमीलाई जान्थे तिमीसित
भागेर त जान्न काले घरमा नसोधी त
होइइ भन्देउन माया साँच्चै मनपरे मनपराउँछ काले................।

केटाः  ओइइ मैया आँखा जुध्न थाले
केटीः  ओइइ कान्छा आँखा जुध्न थाले

❖❖❖

**एल्बमः केही त चिनो (२०७०)**

**स्वरः गगन गुरुङ र मञ्जु वि.क** **शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः हे बैस जोबन ढल्कीदै आको छ
तिम्रै छेउमा बस्न मन लाको छ
केही त चिनो राख बैनामा
यही हो मेरो चढेको जवानी
तिम्लाई सुहाउँदो छु की छैन म ।

केटीः हे मेरो पनि जवानी फूलदैछ
त्यही फूल माथि भमरा डुल्दैछ
केही त चिनो राख बैनामा
यही हो मेरो चढेको जवानी
तिम्लाई सुहाउँदी छु की छैन म ।

केटाः हे छुदा पनि ति तिम्रो हातमा
पुग्छु सानु बैसको मातमा
केही त चिनो राख बैनामा..................।

केटीः हे माया गर्दै ए सानु भन्दा
आउँछ होला स्वर्गीय आनन्द
केही त चिनो राख बैनामा..................।

केटाः  हे धरो धर्म अन्त मन जोड्दिन
तिमीलाई पाए जुनीभा छेड्दिन
केही त चिनो राख बैनामा..................।

केटीः  हे जोड नाता मन मुटु चोखो छ
तिम्री हुन मलाई नी धोको छ
केही त चिनो राख बैनामा..................।

❖❖❖

**एल्बमः आउन पाइन घर यो दसैँमा** (२०७०)

**स्वरः भीम परियार र कृष्ण परियार** **शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः  हे घर झुप्रो छ घरको छानो त
आमा त्यही छिन त्यही मेरी सानु त
आउन पाइन घर यो दसैँमा
तिहार पनि खै कसो हुनी हो
बस प्यारी झुपडी बाँसैमा

केटीः  हे आयो बाबा चाड र वाड
हजुर बिना लाग्ने छ उजाड
यो दसैँ नि बित्ने भो आँसैमा
तिहार पनि खै कसो हुनी हो
कति बसौं झपडी बाँसैमा

केटाः हे आउँदा लाहुरे बोकेर झोला
सानु तिम्लाई मेरो याद आहोला
आउन पाइन घर यो दसैँमा ..........................।

केटीः हे रुन्छिन् आमा तिम्रो नै पीर छ
सधै आँखा मूल बाटो तिर छ
यो दसैँ नि बित्ने भो आँसैमा......................।

केटाः हे आफ्नै खुशी मनाउनु दसैँ

यस पाली नी म आइन कसै

आउन पाइन घर यो दसैँमा ..........................।

केटीः हे भन्थिन् आमा अहिले त आउँला नि

त्यो छोराको मुख हेर्न पाउला नि

यो दसैँ नि बित्ने भो आँसैमा......................।

❖❖❖

**एल्बमः फूल फूलेसी झर्छ (२०७०)**

**स्वरः भीम परियार र कृष्ण परियार शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः हे माया गर्दै भन्दिम कि कालु

भयो अहिले त्यही माया नशालु

फूल फूलेसी झर्छ

धेरै माया नगर्नु कसैलाई सम्झी रुनु पर्छ ।

केटीः हे जसलाई विश्वास गरिन्छ पूरा

उसैले पार्छ सपना अधुरा

फूल फूलेसी झर्छ

धेरै माया नगर्नु कसैलाई सम्झी रुनु पर्छ ।

केटाः हे हासी हासी मायाको बात गर्ने

जो आफ्नो छ उही हुन्छ घात गर्ने

फूल फूलेसी झर्छ..........................।

केटीः हे जसले माया अन्धो भई बुन्ने काम

हाँस्न भन्दा धेरै त रुने ठाम

फूल फूलेसी झर्छ..........................।

केटाः हे भन्या होइन माया नै नलाउने
नलाउ माया मनमुटु जलाउने
फूल फूलेसी झर्छ.........................।

केटीः हे सके माया नलाए हुने हो
माया लाउने एक दिन त रुने हो
फूल फूलेसी झर्छ.........................।

❖❖❖

**एल्बमः क्यार्नी हो वाइ पुतली** (२०७०)
**स्वरः शङ्कर विरही गुरुङ, घनश्याम रिजाल, इन्द्र गुरुङ र ज्योति लोहनी**
**शब्द सङ्कलनः घनश्याम रिजाल**

केटीः वर्ष दिनको तिज पनि घुम्दै फिर्दै आयो
वैसालु यो पापी मनले के-के चाह्यो
क्यार्नी हो वाइ पुतली
वैंसनी चढ्यो जवानी बढ्यो ।

केटाः यता तिम्रो जवानी बढेको
सबको नजर त्यसैमा गडेको[२]

केटीः सबै नाच्दा मलाई पनि नाच्न मन लाउँछ
पल्लो गाउँको कान्छो हाँस्दै हात समाउन आउँछ
क्यार्नी हो वाइ पुतली.................।

केटाः भन्दा सबले जवानी फूलेको
बल्ल तिम्रो होला होस खुलेको[२]

केटीः के गरौं के हुन्छ सधैं चन्चल, चन्चल मन छ
डाँडा घरे लाहुरेले नि दिल्ली लान्छु भन्छ
क्यार्नी हो वाइ पुतली.................।

केटाः  तिम्ले विश्वास नगर जम्मैमा
दिल्ली भन्दै पुऱ्याउला बम्बैमा[२]

केटीः  घरमा मेरै कुरा चल्थ्यो छोरी दिने
यही बेलामा बहिनी अन्तै लभ गरेर हिनी
क्यार्नी हो वाइ पुतली.................।

केटाः  आफ्नै सुरु गरिन्छन् बैनी
तिम्ले एउटा रोजिनौ अझै नि[२]

केटीः  यू.के लाहुरे हेर्न आथ्यो हङ्कङको नि आथ्यो
सिङ्गापुरे लाहुरेले नि साह्रै मन पराथ्यो
क्यार्नी हो वाइ पुतली.................।

केटाः  अरुको नि तिमी भर परिनौ
म आउँदा नि केही वास्ता गरिनौ[२]

केटीः  दिदी हिँड्छे भिनाजुसँग बहिनी हिँड्छे ज्वाइसँग
आफू भनि सरम मानी बोलिएन कोहीसँग
क्यार्नी हो वाइ पुतली.................।

केटाः  भन्दा सबले जवानी फूलेको
बल्ल तिम्रो होला होस् खुलेको[२]

केटीः  साह्रै चिन्ता लाउन थाल्यो सोच्दा घरी-घरी
भाउजुले नि हेर्न थालिन् आँखा तरी-तरी
क्यार्नी हो वाइ पुतली.................।

केटाः  अझै कुरा बुझेको होइन
जोबान ढल्क्यो थाहा छ की थाहा छैन[२]

केटीः पढ्न पनि सकिएन विषय लाग्यो तीनओटा
के गरे खान्छेस् भन्छन् घरमा छ मेरै चिन्ता
क्यार्नी हो वाइ पुतली.................।

केटाः भन्नलान घरमा खैतनी पढेको
यता तिम्रो जवानी चढेको[२]

❖❖❖

**एल्बमः घर शून्य भो(२०७१)**
**स्वरः घनश्याम रिजाल, राजन कार्की र मधु चापागाईं**
**शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः छोरो घर नभए नि नाती केटा थियो
त्यही केटाले छोराको नि झल्को मेटा थियो
छोरासँग बुहारीले के-के कुरा गरी
त्यही नाति नि समातेर बजारतिर झरी
घर शून्य भो, घर शून्य भो मलाई
छोरीको नि बिहे भो, छोरो परदेश गइहाल्यो
बुहारीको बाटो खुल्यो भने जस्तो भइहाल्यो
घर शून्य भो, घर शून्य भो बुढी
घर शून्य भो
जमानानी कस्ता आए छोरा नाति बजार लाए
घर शून्य भो हाम्लाई गाउँ शून्य भो।

केटीः छोरो पाए बुहारीलाई छोरी पाए ज्वाइँलाई
आखिरीमा रहिछौँ बुढा हामी कोहीन कोहीलाई
छोराछोरी पाउँदा खेरी खुशी भइयो पहिले
तिनकै वचन सुन्दा खेरी आँसु खस्छ अहिले

घर शून्य भो, घर शून्य भो मलाई
छोरीको नि बिहे भो, छोरो परदेश गइहाल्यो
बुहारीको बाटो खुल्यो भने जस्तो भइहाल्यो
घर शून्य भो, घर शून्य भो बुढा
घर शून्य भो
जमानानी कस्ता आए छोरा नाती बजार लाए
घर शून्ये भो हाम्लाई गाउँ शून्य भो

केटाः छोरा छोरी राम्रो ठाउँमा पठाउन नि पऱ्यो
आज भोलि गर्दागर्दै गाउँ नै बजार झऱ्यो
सँगै हुँदा हाँस्ने मन् आज रुने भयो
गाउँ घर भीरपाखा त सबै शून्य भयो
घर शून्य भो, घर शून्य भो मलाई......................।

केटीः गाउँमै बसे हुन्थ्यो क्यारे भन्या मान्ने भए
हाम्ले भन्या के मान्थेर आफै जान्नी भए
छोरो विदेश जाना साथै बुहारी झर्ने
नजा भन्न नमिल्ने भो हाम्ले कसो गर्ने
घर शून्य भो, घर शून्य भो मलाई......................।

केटाः फेसबुक भन्छन्, स्काइप भन्छन्, भाइबर चलाउने रे
जिन्सको पाइन्ट, टिसर्ट भन्छन् साडी नलाउने रे
पढाउने बहानामा सुःख काट्न झरे
कतिको त सुन्नपर्छ घरबार बिग्रियो अरे
घर शून्य भो, घर शून्य भो मलाई......................।

केटीः कति दुःख गरी हाम्ले बनाएको घर हो
बुढेस कालको सहारा त त्यही छोराको भर हो
हाम्री पनि बुहारी त गइन बजार तिर

यस्ती उस्ती भन्ने हुन की लाउँछ तिनकै पीर
घर शून्य भो, घर शून्य भो मलाई......................।

केटाः पल्लो गाउँको हर्के पनि विदेश तिर गाथ्यो
नोकरी नि राम्रै थियो भने जस्तै भाथ्यो
छोरा छोरी पढाउनलाई बुढी बजार रहिछ
फर्कि छुट्टी आउँदा खेरी बुढी अन्तै पोइला गइछ
घर शून्य भो, घर शून्य भो मलाई......................।

केटीः खुशी छैन आज मलाई हिजो अस्ति जस्तो
लाग्न छाड्यो आफ्नै गाउँ नि आफ्नो बस्ती जस्तो
यता हेऱ्यो उस्तै हजुर उता हेऱ्यो त्यस्तै
हाम्रो मात्र हैन रहिछ सबको घरमा त्यस्तै
घर शून्य भो, घर शून्य भो मलाई
छोरीको नि बिहे भो, छोरो परदेश गइहाल्यो
बुहारीको बाटो खुल्यो भने जस्तो भइहाल्यो
घर शून्य भो, घर शून्य भो बुढा
घर शून्य भो
जमानानी कस्ता आए छोरा नाती बजार लाए
घर शून्ये भो हाम्लाई गाउँ शून्य भो ।

❖❖❖

**एल्बमः सर सर (२०७१)**

**स्वरः रामजी खाँण, घनश्याम रिजाल र मुना थापा मगर**

**शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः माथि हेऱ्यो वालिङ्ग बजार तल आदी खोला
अलि वर सर मैया भुइँमा चिसो होला
सर सर सर मै तिर
ए सर सर सर मै तिर
बसौला पिरती लाएर
ठोक ठोक मादलु ठोक ए
नाचउँला दोहोरी गाएर
ए नाचउला दोहोरी गाएर ।

केटीः तर्की-तर्की हिँड्दा पनि वचनैले मार्ने
छेऊमा बस्दा सोल्टी ज्यूले अप्ठ्यारोमा पार्ने
सर सर सर मै तिर
ए सर सर सर मै तिर
बसौला पिरती लाएर
ठोक ठोक मादलु ठोक ए
नाचउँला दोहोरी गाएर
ए नाचउला दोहोरी गाएर ।

केटाः मैले भने संसार भुली तिम्रै भरमा पर्ने
तिम्ले भने नजिक सर्दा छोइएला झै गर्ने
सर सर सर मै तिर.......................।

केटीः छोरी मान्छे बिक्न गाह्रो लाए पछि बात
छेऊमा बस्न पाको होइन गर्छौं लामो हात
सर सर सर मै तिर.......................।

केटाः बारी काट्यो घडेरी त खेत काटेर कुलो
जसले जे जे भने पनि माया रहिछ ठूलो, बुझेऊ
सर सर सर मै तिर.......................।

केटीः डोरी जति बाटे पनि एउटै हुन्छ गाँठो
आफ्नै कुरा माथि पार्छौ तिमी कति बाठो
सर सर सर मै तिर.......................।

केटाः चरी बस्ने गुँडमा भन्छन् माछी बस्ने लेऊमा
सदै सदै आइपुगे म मायालु कै छेऊमा, लौ
सर सर सर मै तिर.......................।

केटीः लङ्कामा सुन भए पनि कान मेरो बुच्चो
स्याङ्जाली हौ जनाइहाल्छौ बानी कति छुच्चो
सर सर सर मै तिर.......................।

❖❖❖

**एल्बमः बाखा पालम्ला (२०७२)**

**स्वरः घनश्याम रिजाल र मधु चापागाईं शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः जय जय जय नेपाल
फर्क प्यारो नेपाल

केटीः घर शून्य भो भन्न थाले गाउँका बुढापाका
बजार तिरै झर्न थाले अलि-अलि भाका
पाखा बारी बाँझै हुँदा जोत्ने कोही छैन
घरको भित्तो भत्किदा नि पोत्ने कोही छैन
ए बुढा फर्की आऊ गाउँमै
गाउँमै एउटा व्यापार थालम्ला
भए नि ठीकै छ, नभएनी बाखा पालम्ला

केटाः ठूल्दाइले नि विदेश छोडी गाउँमै बस्न थाले
तिम्ले पनि आउँ-आउँ भन्छेऊ आइजा भन्छन् बाले
छोरा छोरी बा भनेर रोए अस्ति फोनमा
त्यो सम्झिदा अहिले पनि खुशी छैन मनमा
ए बुढी आउँदैछु गाउँमा

गाउँमै एउटा व्यापार थालम्ला
भए नि ठीकै छ, नभएनी बाख्रा पालम्ला ।

केटाः कुखुरा पाले पनि बाख्रा पाले पनि
जे गरे नि हुन्छ नेपाल मै त छ नि
हाम्रै देशमा छ नि

केटीः तिमी उता म छु यता यसै गयो बैंस
वैंस यसै गयो भने के काम लाउँछ पैसा
बाटोघाटो छेक्न थाल्छन् आफ्नै गाउँका देवर
जे गर्न नि सक्छन् यिनले अल्लारेको के भर
ए बुढा फर्की आऊ गाउँमै....................।

केटाः सुख दुःख पर्दे रैछ आफ्नो गरी खानु
गाउँमा कुरा काट्ने बाटो नराखे है सानु
नबोले है रुखो बोली कोहीलाई पिराएर
नहिड है कहिल्यै आफ्नो बाटो बिराएर
ए बुढी आउँदैछु गाउँमा.......................।

केटीः वल्लो बारी खर पलायो पारीबारी भ्भाँडी
अझै धाउन छोड्ने होइन अरबको खाँडी
कहिले सम्म जान्छौ प्यारा अरुको भर पर्न
यही माटोमा सुन फल्छ नि सके दुःख गर्न
ए बुढा फर्की आऊ गाउँमै....................।

केटाः दैला मुनि अदुवालाई छरम्ला नि मकै

मैले लाका सुन्तला नि सरे होलान् पक्कै
धान रोपउला, गहुँ छरौला गर्छु कृषि पेशा
जन्मभूमि, मातृभूमि प्यारो आफ्नै देश
ए बुढी आउँदैछु गाउँमा........................।

केटाः होटल खोले पनि व्यापार गरे पनि
जे गरे नि हुन्छ नेपाल मै त छ नि
हाम्रै देशमा छ नि

केटीः गाई र भैंसी पाले पनि लाए पनि खेती
गाउँमै दुःख गरे पनि कमाइ हुन्छ त्यति
कुखुरा नि पालम्ला नि बेचम्ला नि दाना
यति गरे पुग्छ हाम्लाई मस्त लाउन खान
ए बुढा फर्की आऊ गाउँमै.....................।

केटाः श्याम दाइले बंगुर पाले राजन दाइले बाख्रा
सेते बाले फलाउँछन् रे करेला र काक्रा
माछा पाल्यो, मौरी पाल्यो रामै छ रे कमाइ
परेवा झैँ बसौला नि सँगै रमाइ रमाइ
ए बुढी आउँदैछु गाउँमा........................।

केटीः बुझेदेखि कोही पर्दैन परदेशमा जान
सरकारले नि कृषिलाई नै दिन्छ अनुदान
कहिले सम्म तिम्लाई सम्झी एक्लै यता रुनी
तिमी साथमा भएपछि हाम्लाई ढुक्क हुनी
ए बुढा फर्की आऊ गाउँमै.....................।

केटाः विदेश गए विदेशीले यति दलाएन
दिनौ भा'छ लाखौं युवा विदेश पलायन

आँफू भने विदेश छोडी गाउँ घर तिरै लाइयो
जे गर्नु छ आफ्नै देशमा गर साथी भाइ हो
ए बुढी आउँदैछु गाउँमा........................।

केटा: भैंसी पाले पनि गाई नै पाले पनि
जे गरे नि हुन्छ नेपाल मै त छ नि
हाम्रै देशमा छ नि
जय जय जय जय नेपाल
फर्क प्यारो नेपाल

❖❖❖

**एल्बम: मर्स्याङ्दी नदीको छल्को** (२०७३)

**स्वर: लक्ष्मी नेपाली** **शब्द सङ्कलन: घनश्याम रिजाल**

केटी: हे... माइतमा छदा खाइन्थ्यो केरे आमालाई थर्काएर
अब त कल्लाई थर्काउनु छ र बस्ने हो घर खाएर
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

केटी: हे .... चटक्कै छोडी आम भने घरमा गाई कल्ले दुहुन्छ
एक सरे भइयो माइतीलाई सम्झी यी आँशु चुहुन्छ
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

केटी: हे... मिठो नि खामला भनेर पहिल्यै बसीयो छुट्टिएर
कहि जानु छैन सम्झीदा आउँछ भकानो फुटेर
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

केटी: हे... दिदी र बहिनी गीत गाउँदै होलान् तीजको भाकैमा
आफूलाई कहिल्यै फुर्सदै छैन आँशु छन् आँखैमा
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

केटीः हे .... तीजै र आयो झन अत्यार लायो मन साह्रै रुन्छ नि
जहाँ भए पनि चेलिलाई प्यारो माइती घर हुन्छ नि
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

केटीः नआउन पाए न खान पाए तिजैको मिठो दर
यो सालको नि तिज नि रोएर गयो सम्झेर माइती घर
मर्स्याङ्दी नदीका छल्को मन भरी माइती कै झझल्को

❖❖❖

**एल्बमः मायालु घुम्न जाऊ तनहुँ** (२०७३)

**स्वरः मेघनाथ रिमाल र प्रिती आले शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः मायालुलाई कसरी मनाउने
मन छ मलाई तनहु कै बनाउने
मायालु घुम्न जाउँ तनहुँ, जान्नौ भने मैले नि के भनौ
हा जान्नौ भने मैले नि के भनौ

केटीः रहछ तिम्रै दोधारे बानी
जाम-जाम भन्ने आँटेर नलाने
मायालुले जाम भन्छ तनहुँ भा'छ मलाई के गरौ के भनौ
हा भा'छ मलाई के गरौ के भनौ

केटाः तिम्ले माया गरिनौ जानेर
मैले लान सकिन तानेर
मायालु घुम्न जाउँ तनहुँ, ....................।

केटीः घुम्ने रहर हो बन्दीपुर
तिम्ले लाने गर्दैनौ केही सुर
मायालुले जाम भन्छ तनहुँ ....................।

केटा:  दिन्छु जोवन मायाकै नाउँमा
लान्छु अब तनहुँ कै याद गाउँमा
मायालु घुम्न जाउँ तनहुँ, ....................।

केटी:  भन्छ मनले तनहुँमै बसौ
साँची माई भाकेर खाउँ कसम
मायालुले जाम भन्छ तनहुँ ....................।

केटा:  भन्छ मनले जाम छाब्दी बराही
खान्छु कसम कसैसँग नडराई
मायालु घुम्न जाउँ तनहुँ, ....................।

**एल्बम: अमिलो रसैले** (२०७३)

**स्वर: रामजी खाँण र मिनु गुरुङ**

**शब्द सङ्कलन: घनश्याम रिजाल**

केटा:  जून जस्तै जोवन फूल जस्तै बसायो
तिम्लाई देख्दा यो मुखै रसायो
हे जुन जस्तै जोवान फूल जस्तै बसायो
तिम्लाई देख्दा यो मुखै रसायो
अमिलो रसैले
साँघुकी मायालाई, मोहनी मन्त्रले बाँधुकी मायालाई
हे मोहनी मन्त्रले बाँधुकी मायालाई ।

केटी:  अमिलो चुक सुन्तला गुलियो
त्यस्तै छौ तिमी हेरे रै भुलियो
हे अमिलो चुक सुन्तला गुलियो
त्यस्तै छौ तिमी हेरे रै भुलियो
अमिलो रसैले
साँघुकी मायालाई, मोहनी मन्त्रले बाँधुकी मायालाई

हे मोहनी मन्त्रले बाँधुकी मायालाई ।

केटाः भन्छन् नि माया नलाई नि हुँदैन
तिमी नभई त मलाई नि हुँदैन
अमिलो रसैले .....................।

केटीः मनपर्छ मायालाई यो मनमा लुकाउन
मोहनी लाए गाह्रो छ फुकाउन
अमिलो रसैले .....................।

केटाः बाँधेर माया चोलीको तुनामा
राखन माया मुटुको कुनामा
अमिलो रसैले .....................।

केटीः उर्लदो बैस चढ्दो छ जवानी
भन्दै छु तिम्लाई केही लाजै नमानी
अमिलो रसैले .....................।

❖❖❖

**एल्बमः दाइ गयो म जान पाइन** (रत्यौली-२०७३)

**स्वरः राजन कार्की, घनश्याम रिजाल र सीता के.सी**

**शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः दाजु-भाइ ढुकुरे जन्त रत्यौलीमा भुलेछ यो मन त
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा ।

केटीः भाइ गयो फूल माला झल्काउँदै
ल्याउँछ दुलही दोसल्ला टल्काउँदै
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः हाम्रो भाइ सुनको टुकुरो, दुलही लिन भनेर दुकुर्‍यो
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटीः सरर बाटेको बत्ती कस्ती होली बाबुको श्रीमति

दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः आमाले धान सुकाउ मान्द्रामा, छोरो सूर्य बुहारी चन्द्रमा
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटीः सलल बगेको खोली, यहाँ रमाइलो वहाँ दुलही रोइहोली
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा
केटीः अझै पनि पुगेन धोका, रातो डोली बाबुले त्यही रोक
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः पोखरामा किनेको ऐना, रुदै पछि लाए होलान् भाइ बहिना
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटीः दियोमा बालेर बत्ती, हेर्नु पऱ्यो बाबुको श्रीमती
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः मेरी माया नझार आँसु, आमा भन्दा गतिली छन् सासु
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटीः आमाले सारेको फूल, नानीले कहिले नि नभूल
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः यही हो नानी जुग जाने घर, राम्रो गर सबैको मन पर

दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटीः एक चिम्टी सिन्दुरले गर्दा, बाउले जुठो बारदैनन् म मर्दा
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

केटाः रत्यौली गाइयो नि रमाएर, भित्र्याउ आमा दाहिने हात समाएर
दाइ गयो म जान पाइन फूल भोरेको पुतली रेलैमा
हा हा फूल भोरेको पुतली रेलैमा

❖❖❖

**एल्बमः डालीमा बसेको चरी** (२०७३)
**स्वरः रामजी खाँण र मुना थापा मगर**
**शब्द सङ्कलनः घनश्याम रिजाल र राजन कार्की**

केटाः चन्द्रमुखी मुहार तिम्रो लज्जालु छ पन
तिम्रो छेउमा बस्दा खेरी अर्कै हुन्छ मन
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटीः तिम्लाई भेट्दा लाग्छ मलाइ हेरी राखु जस्तो
माया अनि पिरतीले बेरी राखु जस्तो
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटाः मुखले भन्दा तिमीसँग मनले बोल्छ मेरो
तिमी कोहीसँग बोल्दा पनि छाती पोल्छ मेरो

डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटीः चुल्बुले मन चुल्बुलाउँछ तिम्रो छेऊमा आउँदा
अझै कति खुशी हुम्ला तिम्रो बन्न पाउँदा
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटाः किन यती माया लाग्छ सोच्छु घरीघरी
सधै भरी बस्न मन छ तिम्रो वरिपरी
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटीः तिमी मेरो मनमुटुमा तिमी मेरो सबै
म बिरामी पर्दा खेरी मायालु हौ दबाई
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटाः वनको चरी बनमा बस्यो मनमा बस्यो माया
मनको माया कहिले पनि नहोस् दायाँ बायाँ
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

केटी: जोडी ढुकुर वनमा बस्छ वनमै खोज्ने गर
मेरो माया अन्त छैन मनमा खोज्ने गर
डालीमा बसेको चरी भुरुरु जान्छ की
मुटुमा बसेको माया अर्कैले चुडेर लान्छ की
हा हा अर्कैले चुडेर लान्छ की

❖❖❖

**एल्बम: परदेशीको व्यथा (२०७३)**

**स्वर: राजन कार्की, विनिता के.सी., निशा पोखरेल शब्द सङ्कलन: घनश्याम रिजाल**

केटी: हे हिँडेकी छु यि आँसु चुहाउँदै
काखमा छोरा छोरीलाई रुवाउँदै
रुदै विदेश पसेकी हुँ म
रहर होइन परदेशी हुनलाई बाध्यतामा फँसेकी हुँ म ।

केटा: हे कमजोरी छु सकिन म जान
क्यारी भन म तिम्लाई नजान
रुदै रुदै गयौ पियारी
घरकै लागि परदेशी भाकी छेऊ कति दुःख सहेऊ पियारी ।

केटी: हे अहिलेसम्म कसैको आस थिएन
घरमा राम्रो गाँस थिएन बाँस थिएन
रुदै विदेश पसेकी हुँ म................................।

केटा: हे बनाम भन्थेऊ राम्रा र गतिला

क्यारलान् हाम्रा मायाका बचिला

रुदै रुदै गयौ पियारी ..................................।

केटीः हे म सम्फन चाहन्न ती दिन

बाँचे भने रुन त दिइदिइन

रुदै विदेश पसेकी हुँ म..................................।

केटाः हे के भइन के रे कसैको पियार

दिए खाने भाको छु निरिह

रुदै रुदै गयौ पियारी ..................................।

❖❖❖

**एल्बमः माया कै पीरमा छु** (२०७३)

**स्वरः गणेश पौडेल** **शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः अन्तिम कुरा हुन्छ यही पालीमा

कि तिम्रो साथ कि हुन्थ कालीमा

माया कै पीरमा छु

फेरि भेट होला कि नहोला काली कै तिरमा छु।

केटीः भयो माया खोलीको किनार

मैले माया दिए कै थिइन र

माया कै पीरमा छु

फेरि भेट होला कि नहोला काली कै तिरमा छु।

केटाः जुन मायालाई बसियो रोजेर

त्यही मायाले तरकाउन खोजेर

माया कै पीरमा छु.................................।

केटीः जसले खोस्यो हासो र खुशी त

अझै रत्यो गुनासो ऊ सित
माया कै पीरमा छु..............................।

केटाः  म त मर्छु फेरिन्छ चोला नि
सानु तिम्लाई भने झैँ होला नि
माया कै पीरमा छु..............................।

केटीः  हिँडदा हिँड्दै मायाको बाटोमा
न त घरमा न भए घाँटमा
माया कै पीरमा छु..............................।

**एल्बमः दसैँ तिहार आउँदा खेरीमा** (२०७३)
**स्वरः राजन कार्की, घनश्याम रिजाल, चिना थापा    शब्द सङ्कलनः घनश्याम रिजाल**

केटाः  दसैँ तिहार आइपुग्यो फेरि नी
जल्छ मुटु सम्झिँदा खेरी नी
दसैँ तिहार आउँदा खेरीमा
हेर सानु दैलाको तस्वीर
मेरो झल्को लाउँदा खेरीमा ।[२]

केटीः  सबै आए चाडपर्वमा घर
खानु तिम्लाई घरको याद आउन्न र
यो दसैँमा आउनी होला नि
मेरो प्यारा हजुरै नआए
मेरो आत्मा कति रोला नी ।[२]

केटाः  हास्दै लिन झर्थेउनी खोलामा
यसपाली नि आउँदिन होला म

दसैं तिहार आउँदा खेरीमा

हेर सानु दैलाको तस्वीर

मेरो भ्कल्को लाउँदा खेरीमा ।[२]

केटीः चाडपर्वमा दसैं हो ठूलो

भनिछन् आमा छोराले घर भुल्यो

यो दसैंमा आउनी होला नि

मेरो प्यारा हजुरै नआए

मेरो आत्मा कति रोला नि ।[२]

❖❖❖

**परिशिष्ट : ख**

# घनश्याम रिजाललाई सम्मान गर्ने सङ्घसंस्था

| मिति | संस्था |
|---|---|
| २०६२/०६/२५ | जनहित आमा समूह, |
| २०६२/०८/०३ | प्रथम स्वरेक महोत्सव, |
| २०६२/०७/०१ | मनकामना महोत्सव, |
| २०६३/११/०१ | वालिङ्ग महोत्सव, |
| २०६४/०८/२१ | स्याङ्जा विकास केन्द्र, स्याङ्जा, |
| २०६५/०५/०१ | मानव मिलन महिला समाज पोखरा, |
| २०६७/०९/३० | सातौं पोखरा महोत्सव (सम्मानपत्र), |
| २०६८/१०/१६ | रेडियो भानुभक्त १०४.२ तनहुँ (सम्मानपत्र), |
| २०६८/११/२८ | हरित शान्ति समाज नेपाल, छुर्लोचौरा स्याङ्जा, |
| २०६८/११/०८ | लेखनाथ उद्योग वाणिज्य संघ पोखरा, (प्रशंसापत्र), |
| २०६९/०७/१ | सदावहार युवा क्लब (प्रशंसापत्र, कदरपत्र), |
| २०६९/१०/२१ | वालिङ नगरपालिका (कदरपत्र, प्रशंसापत्र), |

२०७०/०२/११ राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान अञ्चल समिति गण्डकी (कदरपत्र),

२०७०/०७/२३ दोस्रो सिटी रेवान महोत्सव (प्रमाणपत्र)

२०७०/०९/०४ नेपाली कांग्रेस पोखरा १७, बिरौटा,

२०७१/१०/२४ सोती पसल बजार व्यवस्थापन समिति (सम्मानपत्र),

२०७१/११/०६ सुन्दर बजार महोत्सव (प्रशंसापत्र),

२०७२/०५/०८ प्रस्तोता समाज नेपाल (PSO) (प्रशंसापत्र),

२०७२/०५/२२ शिक्षा दिवस ❳✓☚☞☚🗋 स्याङ्जा,

२०७२/०५/२२ बयरघारी बजार व्यवस्थापन समिति स्याङ्जा (कदरपत्र),

२०७२/११/१६ प्रगति युवा क्लब स्याङ्जा ।

२०७२/११/२० स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ (सम्मानपत्र),

२०७३/०१/१३ स्वर्णिम परिवार एलादी-१ तलाथोक स्याङ्जा (सम्मानपत्र),

२०७३/०२/११ राष्ट्रिय लो.दो गीत प्रतिष्ठान नेपाल (प्रमाणपत्र, प्रशंसापत्र),

२०७३/०३/२४ लमजुङ उद्योग वाणिज्य संघ (प्रशंसापत्र),

२०७३/०५/०९ ग्रामिण स्वाबलम्बन कृषि संस्था स्याङ्जा,

२०७४/०३/०४ तेस्रो राष्ट्रिय पोर्क महोत्सव (सम्मानपत्र)

२०७४/०५/०३ हिमचुली एफ.एम. (सम्मानपत्र)

२०७४/०६/२६ स्याङ्जा सहयोग समाज (सम्मानपत्र)